का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ कात्तिक २०८२
आइतबार
2 November 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक २६२ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com



# रुस–युक्रेन युद्धमा १०१ नेपालीले गुमाए ज्यान

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

रुस-युक्रेन युद्ध ४४ महिनादेखि चलिरहेको छ। यसबीचमा दुवैतर्फ के कति क्षति भए यकिन विवरण आएका छैनन्। तर रुसी सेनामा भर्ती भएका १ सय १ जना नेपालीले भने ज्यान गुमाइसकेका छन्।

परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागका अनुसार रुस-युक्रेन युद्धमा १ सय १ जना नेपालीले ज्यान गुमाएको पुष्टि भएको छ भने १ सय २५ जना बेपत्ता छन्। ३ सय ५० भन्दा बढीको खोजीका लागि आफन्तले निवेदन दिएका छन्।

यसका बाबजुत रुसी सेनामा नेपालीहरूको भर्ती रोकिएको छैन।

रुस-युक्रेन युद्ध सन् २०२२ को फेब्रुअरीमा पूर्ण स्तरमा सुरु भएको हो। त्यस यतादेखि नै नेपाली रुसी सेनामा भर्ना भएका हुन्।

नेपाल सरकारले पनि सुरुदेखि नै रुस सेनामा नेपालीलाई भर्ना नगर्न आग्रह गर्दै आएको छ। तर रुसले नेपालको आग्रह सुनेको छैन।

यसअघि २०८२ जेठ १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति भ्यादिमिर पुटिनलाई नेपालीलाई रुसी सेनामा भर्ना नगर्न सन्देश पठाएका थिए। नेपाल र रुसबीच कुनै सैन्य सम्झौता नभएको भन्दै ओलीले यस्तो सन्देश दिएका हुन्।

रुसी महासंघअन्तर्गतको काल्मिकियाका प्रमुख बाटु कासिकोभ नेतृत्वलाई सरकारी निवास बालुवाटारमा भेट गर्दै तत्कालीन प्रधानमन्त्री ओलीले दिएको सन्देश कार्यान्वयनमा जान सकेन। रुसी सेनामा पुगेका नेपालीहरू अवैध बाटोबाट समेत पुगेका छन्। जसलाई नेपालले समेत रोक्न सकेको छैन।

> परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागका अनुसार रुस-युक्रेन युद्धमा १ सय १ नेपालीले ज्यान गुमाएको पुष्टि भएको छ भने १ सय २५ जना बेपत्ता छन् । ३ सय ५० भन्दा बढीको खोजीका लागि आफन्तले निवेदन दिएका छन् ।

एकातिर सरकार अवैध रूपमा विदेश जानेलाई रोक्न सकिरहेको छैन भने अर्कोतिर कसरी अवैध रूपमा विदेश गएका छन् भनेर तथ्यांकसमेत राख्न सकेको छैन।

नेपाल सरकारसँग रुसी सेनामा गएर घाइते, बेपत्ता भएकाहरूको तथ्यांक पनि छैन। परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागमा ३ सय ५० भन्दा बढीको खोजीका लागि आफन्तले निवेदन दिएका छन्। यसैलाई आधार मानेर सरकारले ३ सय ५० भन्दा बढी रुसी सेनामा कार्यरत रहेको हुन सक्ने अनुमान गर्ने गरिएको छ।

तथापि सरकारको प्रयासअन्तर्गत कतिपय नेपाली स्वदेश फर्किएका छन्। रुसी सेनामा भर्ती भएकामध्ये करिब १ सय जना स्वदेश फर्किएका छन्।

मृत्यु भएकाहरूमध्ये कतिपयको अस्तु मात्रै नेपाल आउने गरेको छ। २०८० साल फागुनमा पृष्ठ २ मा

## एकैपटक एकता र विभाजनमा दलहरू

# वैकल्पिक शक्ति निर्माणको कसरतमा असन्तुष्ट पक्ष

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

नेकपा माओवादी केन्द्र विभाजनको डिलमा पुगेको छ। नेकपा एकीकृत समाजवादीसँगको एकताको अन्तिम प्रयास भइरहँदा माओवादीका नेता जनार्दन शर्मा पक्षधर पार्टी विभाजनतिर लागेका हुन्। माओवादीको महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले पार्टी एकताको अन्तिम निर्णय गरेका छन्।

सो निर्णयलाई लिएर नेता जनार्दन शर्माले नेकपा (एकीकृत समाजवादी)सँग प्रस्तावित पार्टी एकता प्रक्रिया तत्काल रोक्न माग गरेका छन्। शनिबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा जारी महाधिवेशन आयोजक समितिको सचिवालय बैठकमा आफ्ना विचार राख्दै शर्माले हतारमा गरिने एकताले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने र व्यक्तिगत स्वार्थ पूरा गर्ने मात्रै हुने बताए। शर्माले महाधिवेशनमार्फत वैचारिक बहस र प्रतिस्पर्धामूलक नेतृत्व निर्माणको प्रक्रिया अवरुद्ध पार्दै गरिएको एकता प्रस्तावलाई वैचारिक छलफलबाट भाग्ने प्रयासका रूपमा चित्रित गरेका छन्। उनले शहीद, बेपत्ता र घाइते योद्धाहरूको सपना र त्यागलाई बेवास्ता गर्दै गरिने यस्तो एकता प्रक्रियाले पार्टीलाई बलियो नभई अझ कमजोर बनाउने र कम्युनिस्ट आन्दोलनलाई विघटनको दिशामा धकेल्ने चेतावनी दिएका छन्।

तत्काल एकता प्रक्रिया स्थगित गरी पार्टीको समग्र पुनर्गठन, वैचारिक स्पष्टता र जनपक्षीय दिशामा अघि बढ्न गम्भीरतापूर्वक आह्वान गरेका उनको भनाइ छ। वैचारिक स्पष्टता, विगतको समीक्षा र सांगठनिक तयारीबिनाको एकता 'दीर्घकालीन दृष्टिले हानिकारक' हुने उनको तर्क छ। 'जनयुद्धको मर्म, संविधानको भावना र जनआकांक्षा अनुरूप समाजवादको आधार तयार पार्नुको सट्टा शीर्ष नेताहरू सुखसुविधा, पद, चाकडी र सत्ता मोहमा अल्झिँदा पार्टीको वैचारिक आधार र जनपक्षीय चरित्र कमजोर बनेको छ,' उनले टिप्पणी गरे। भदौ २३ गते युवाहरूको जेनजी आन्दोलन विस्फोटन यसै को परिणामस्वरूप भएको उनको ठहर छ। पार्टीले जनाधार गुमाएको र विचारविपरीत गठबन्धनमार्फत अस्तित्व बचाउन बाध्य भएको उनको दाबी छ। पृष्ठ २ मा



# पेचिलो बन्दै प्रत्यक्ष कार्यकारीको मुद्दा



> शासकीय स्वरूप परिवर्तनमा संवैधानिक तथा कानुनी जटिलता भएकाले त्यसतर्फ सरकार अल्मलिँदैन ।

**● सुशीला कार्की**
प्रधानमन्त्री



> पाँच वर्षका लागि सम्पूर्ण अधिकार प्राप्त प्रत्यक्ष कार्यकारी अधिनायकवादी भयो भने उसलाई हटाउन त ठुलै हिंसात्मक स्थिति आउँछ ।

**● निलाम्बर आचार्य**
पूर्वराजदूत



> बहुजाति, बहुभाषिक र क्षेत्रीयताले गाँजिएको मुलुकमा सिधै इलेक्टेड प्राइमिनिस्टर हुने कुरामा अप्ठ्यारो पर्न सक्छ ।

**● डा. गोविन्दराज पोखरेल**
नेता, नेपाली कांग्रेस



> २०८४ मा हुने निर्वाचन २०८२ मा सार्न मात्रै जेनजी आन्दोलन भएको होइन । यो व्यवस्था परिवर्तनका लागि गरिएको हो ।

**● मिराज ढुंगाना**
जेनजी अगुवा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

भ्रष्टाचारविरुद्ध भएको जेनजी आन्दोलनबाट सत्ता कब्जाको सफलतासँगै प्रत्यक्ष कार्यकारी प्रमुखको एजेन्डा पेचिलो बन्दै आएको छ। राजनीतिक स्थायित्व र दीर्घकालीन योजनाका लागि प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने माग आजको मात्रै होइन।

आठ वर्ष लगाएर दोस्रो संविधान सभामार्फत बनाएको संविधान निर्माणपूर्ण यो विषयमा व्यापक बहस भएको थियो। त्यसबेला नेकपा एमालेले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र माओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्ताव अघि सारेका थिए। तर नेपाली कांग्रेसको प्रस्तावअनुसार संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीमा सहमति भएर निर्वाचन भएको थियो। तर संसदीय अंकगणितका आधारमा प्रधानमन्त्री फेरबदल हुने अभ्यासले दिक्क भएकै कारण संविधान संशोधनको चर्चा चल्दा यो एजेन्डा बहसको केन्द्रमा रहने गरेको छ।

यद्यपि नेपालको परिवेशमा प्रत्यक्ष कार्यकारीको व्यवस्था सर्वस्वीकार्य नहुने विज्ञहरूको अनुभव छ। संविधान सभामा प्रत्यक्ष निर्वाचित कार्यकारिणीको पक्षमा धेरै बलियो मत भए पनि मुलुकको आन्तरिक तथा बाह्य भौगोलिक स्थिति, राष्ट्रिय स्वाधीनतालगायतका कारण दलहरू त्यसतर्फ जान नहुने पक्षमा एकमत देखिएको पूर्वराजदूत निलाम्बर आचार्यले बताए। अहिलेको अवस्थामा चुनावलाई पहिलो प्राथमिकता दिनुपर्ने भन्दै उनले कार्यकारी प्रमुख बहसको विषय भए पनि अहिले नै ल्याइहाल्ने अवस्था नहरेको जिकिर गरे। संसदीय प्रणालीमा सजिलैसँग सरकार बदल्न सक्ने अवस्थामा समेत सरकारलाई राजीनामा दिलाउन यत्रो आन्दोलन गर्नुपरेको उनले स्मरण गराएका छन्।' पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियन सरकारभित्रै सिन्डिकेटबारे विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ कात्तिक

नेपालसहित विदेशी कामदार आपूर्ति गर्ने पाँच स्रोत मुलुकका म्यानपावर कम्पनीका लागि १० वटा मापदण्ड तोक्ने विषय मलेसियामा नै विवादित बनेको छ।

मलेसियाको विदेश मन्त्रालयले २७ अक्टोबरमा क्वालालम्पुरस्थित नेपाली दूतावासलाई दशवटा मापदण्ड तोकेर सेप्टेम्बरदेखि नोभेम्बर १५ तारिखसम्म निजी क्षेत्रका "योग्य म्यानपावर कम्पनी" हरुको सूची पठाउन आग्रह गरेको थियो।

मलेसियाको विदेश मन्त्रालयले नेपाली दूतावासलाई पठाएको पत्रमा सूचीकरण हुन चाहने म्यानपावर कम्पनीले कम्तीमा पाँच वर्षअघि लाइसेन्स लिएको हुनुपर्ने, सो अवधिमा कम्तीमा तीन देशमा तीन हजार कामदार विदेश पठाएको हुनुपर्ने, कामदार छनोट प्रक्रियालगायत कार्यका लागि कम्तीमा १० हजार वर्गफुट क्षेत्रफलको कार्यालय भएको हुनुपर्ने मापदण्ड तोकिएको छ।

यसका अतिरिक्त तालिम, असेस्मेन्ट, भर्ना र कामदार खटाउने सम्बन्धी कामका लागि सम्बन्धित निकायबाट लाइसेन्स पाएको, सम्बन्धित सरकारी निकायहरूबाट असल चालचलनसम्बन्धी प्रतिवेदन पाएको, जबरजस्ती श्रममा लगाएको, मानव तस्करी, श्रम कानुन उल्लंघन, चन्दा असुली वा अपचलनलगायत आर्थिक अपराधमा संलग्न नभएको, आफ्नै सुविधायुक्त तालिम तथा असेस्मेन्ट सेन्टर भएको र सम्बन्धित म्यानपावर कम्पनीको राम्रो चालचलनबारे पाँच वटा विदेशी कम्पनीले प्रमाणपत्र दिएको हुनुपर्नेलगायतका मापदण्ड तोकिएका छन्।

नेपाल सरकारले यी मापदण्डलाई अव्यवहारिक भन्दै म्यानपावर कम्पनी छनोट गर्ने मलेसिया सरकारको प्रस्ताव कार्यान्वयन गर्न नसकिने निष्कर्ष निकालेको छ। त्यसअघि मलेसियास्थित नेपाली दूतावासले नेपाल सरकारलाई मलेसियाको विदेश मन्त्रालयले तोकेका दशवटा मापदण्डबारे मलेसियामा अन्तरमन्त्रालय समन्वय नभएको र उक्त पत्र कार्यान्वयनमा व्यापक अनिश्चितता उत्पन्न भएको जानकारी दिएको उच्च स्रोतले बताएको छ।

शुक्रबार प्रधानमन्त्री कार्यालयमा भएको छलफलमा मलेसियाको १० बुँदे प्रस्ताव नेपाल र मलेसियाबीचको श्रम सम्झौता तथा वैदेशिक रोजगार ऐन विपरीत देखिएकाले त्यसलाई स्वीकार गर्न नसकिने निष्कर्ष निकालिएको थियो। पृष्ठ २ मा

## सिन्डिकेट बुकिङमा लगानी गर्नेहरु हिस्स !

**मलेसिया/मस–** मलेसियामा विदेशी कामदार भर्नाको चलखेलमा स्रोत मुलुकबाट ठुलो रकम जाने गरेको छ। विगतमा बंगलादेशमा सिन्डिकेटसँग जोडिएका विदेशी कामदार केन्द्रीकृत व्यवस्थापन प्रणाली (बेस्टिनेट)का संस्थापक अमिनुल इस्लाम अब्दुल नोर र उनका सहयोगी रुहुल अमिनको हाल सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ) अभियोगमा खोजी भइरहेको छ।

बंगलादेशमा जन्मिएर पछि मलेसियाको नागरिकता लिएका अब्दुल नोर र उनका सहयोगी अमिनलाई सुपुर्दगी गर्न बंगलादेशको वर्तमान अन्तरिम सरकारले मलेसियामाथि कडा दबाब दिएको छ। बंगलादेशको दबाबपछि मलेसियाका गृहमन्त्री दातुक पृष्ठ २ मा

स्वच्छ सहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं.
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं.
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समयसमयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौं, सुन्दर बनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ कात्तिक २०८२ आइतबार
2 November 2025 Sunday

# अनलाइन भन्सार डाटाबेस प्रणाली शुभारम्भ
## निजी क्षेत्रको सुरक्षा र सुशासनको प्रत्याभूति हुने विश्वास

**काठमाडौं/मस-** वीरगञ्ज भन्सार कार्यालयबाट आज 'अनलाइन भन्सार डाटाबेस प्रणाली' (कस्टम्स भ्यालुएसन डाटाबेस सिस्टम) शुभारम्भ गरिएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम प्रचलित सन्दर्भ मूल्यसूची विस्थापन हुनेगरी अनलाइन भन्सार डाटाबेस प्रणालीको शनिबार अर्थमन्त्री रामेश्वरप्रसाद खनालले 'डिजिटल' माध्यमबाट शुभारम्भ गरेका हुन् ।



त्यसअवसरमा अर्थमन्त्री खनालले यो प्रणाली शुभारम्भपछि अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रूपमा रहेको निजी क्षेत्रलाई सुरक्षा र सुशासनको प्रत्याभूतिसहित व्यवसाय सञ्चालन गर्न सहज हुने विश्वास व्यक्त गरे । उनले यसका अतिरिक्त अन्तरराष्ट्रिय व्यापारमा विश्व व्यापार संगठनद्वारा अनुमोदित 'ग्याट भेलुयसन प्रणाली'लाई नेपालको भन्सार ऐन, नियममा समेत स्विकारिएको सन्दर्भमा कारोबार मूल्यलाई मान्यता दिनेगरी सोको परीक्षणका लागि अनलाइन कस्टम डाटाबेस प्रणाली कार्यान्वयनमा ल्याइएको बताए ।

अर्थमन्त्री खनालले भने, 'यस प्रणालीको कार्यान्वयनले वैध व्यापारलाई प्रोत्साहन, मूल्यअभिवृद्धि करलगायत अन्य कर कार्यान्वयनमा सहायता पुग्ने छ । साथै अनौपचारिक कारोबारमा कमी आउने र उद्योग व्यवसाय फस्टाउने अपेक्षा राखेका छौं ।'

कार्यक्रममा अर्थसचिव घनश्याम उपाध्याय, भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी, अर्थ मन्त्रालयका सहसचिव उत्तर कुमार खत्री, राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थ चिलुवाल, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवाली, एसियाली विकास बैंकका भन्सार मूल्यांकन विज्ञ निर्मलहरि अधिकारी, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमलगायतको सहभागिता थियो ।

# 'भेरी–बबई 'डाइभर्सन' आयोजना कार्यान्वयनमा संघीय सरकारले विशेष पहल गर्नुपर्छ'

**सुर्खेत/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भेरी-बबई 'डाइभर्सन' बहुउद्देश्यीय आयोजनालाई 'समस्याग्रस्त आयोजना' बन्न नदिन संघीय सरकारले विशेष पहलकदमी दिनुपर्ने बताएका छन् ।



शनिबार आयोजनास्थल बबई पुगेर सरोकार भएकाहरूसँग छलफल गरी उनले यही अवस्थामा कामको गति नबढ्ने र थप भएको समयमा समेत आयोजना सम्पन्न नहुने भन्दै चिन्ता व्यक्त गरे । मुख्यमन्त्री कँडेलले संघीय सरकारको कार्यक्षेत्र रहेपछि प्रदेशको चासो र चिन्ताको विषय भएकाले आफूले राष्ट्रिय गौरवको आयोजना निर्माणले गति दिनुपर्ने अवस्थामा ध्यानाकर्षण गराउँदै आएको बताए। उनले भने, 'थपिएको समयमा पनि साठी प्रतिशतको आसपासमा मात्र काम भएको रहेछ, यही गतिले अर्को चार वर्षमा पनि सम्पन्न हुने छाँट देखिँदैन । सङ्घीय सरकारले जति पहल लिनु पर्थ्यो, त्यो मात्रामा पहल नभएको देखिन्छ ।'

भेरीगंगा नगरपालिका-११ चिप्ले, सुर्खेतमा अवस्थित यस आयोजनाअन्तर्गत भेरी नदीको पानी १२ दशमलव दुई किलोमिटर लामो सुरुङमार्फत बर्दियाको बबई नदीमा ल्याउने योजना रहेको छ । यसबाट ४६ दशमलव ६ मेगावाट विद्युत् उत्पादनका साथै बाँके र बर्दियाका करिब ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ। पहिलो चरणमा सुरुङ निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनी कोभेकले तोकिएको समयभन्दा एक वर्षअघि नै २०७६ वैशाखमा सुरुङ कार्य सम्पन्न गरिसकेको छ । दोस्रो चरणको काम भने पछिल्ला वर्षहरूमा सुस्त गतिमा अगाडि बढिरहेको छ ।

# काउन्सिलमा १ सय १७ उजुरी

**काठमाडौं/मस-** चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि हालसम्म प्रेस काउन्सिल नेपालमा एक सय १७ वटा उजुरी दर्ता भएका छन् ।

काउन्सिलका अनुसार ६३ सामग्रीको स्वअनुगमन हुँदा २० वटामा आचारसंहिता प्रतिकूल भएको देखिएको हो। काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले चालु आवमा परेका एक सय १७ उजुरीमध्ये पत्रकार आचारसंहिताको प्रक्रियाबमोजिम पत्राचार भएपश्चात खण्डन सम्प्रेषण गरी ५५ वटाले पेस गरेको जवाफ उजुरीकर्तालाई जानकारी गराइएको जानकारी दिए ।

उनका अनुसार १२ वटाले क्षमायाचना/भूलसुधार गरेका, तीनवटाले सामग्री स्थगन गरेका, चारवटालाई स्पष्टीकण सोधिएको, १२ वटालाई निर्देशन एवं सचेत गराइएको र ३१ वटा प्रक्रियामा रहेका छन् ।




गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका समयमा सञ्चारमाध्यम एवं सोका सामाजिक सञ्जालबाट १४ वटा र कुनै पनि सञ्चारमाध्यमअन्तर्गत दर्ता नदेखिएका एवं सम्पर्क ठेगानासमेत उल्लेख नभएका तीनवटा सामाजिक सञ्जालबाट पत्रकार आचारसंहिता प्रतिकूल भ्रमपूर्ण, अफवाहपूर्ण सामग्री सम्प्रेषण भएको स्वअनुगमनबाट देखिएको काउन्सिलले जनाएको छ ।

अनुगमनपश्चात ११ वटा सञ्चारमाध्यमलाई निर्देशन एवं सचेत गराइएकामा सातवटाले क्षमायाचनासहित भूलसुधार र एक समाचार एजेन्सीलाई जवाफ माग गरिएकामा क्षमायाचना गरी जवाफ पेस गरेको, तीनवटालाई कुनै जवाफ पेस नभएको हुँदा ताकेता गरिएको, चारवटाले सामग्री स्थगन गरेका सहप्रवक्ता बोहोराले जानकारी दिए । साथै बाँकीको सम्पर्क ठेगाना नभएका कारण थप अनुसन्धान भइरहेको उनले बताए । काउन्सिलले सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट समेत सम्प्रेषण भएका सामग्रीउपर प्राप्त हुने उजुरी/जनगुनासाको सुनुवाइका साथै नियमित अनुगमन गर्दै आइरहेको छ । त्यसक्रममा काउन्सिलले सञ्चारमाध्यमले सञ्चालन गर्ने युट्युबलगायत सामाजिक सञ्जालको अभिलेख गरी अनुगमन गर्नुका साथै सञ्चारमाध्यमको आवरणमा चलेका तर दर्ता अभिलेख नभएका सामाजिक सञ्जाल विशेषगरी युट्युब च्यानलबाट सम्प्रेषित सामग्रीको समेत प्रवृत्तिगत अनुगमन गरिरहेको छ ।

सञ्चारमाध्यममा आबद्ध नभइ सञ्चालनमा रहेका युट्युब च्यानलसहित सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्रीउपर उजुरी परेमा वा स्वअनुगमन हुँदा आचारसंहिता प्रतिकूल देखिएमा त्यस्ता सामाजिक सञ्जाललाई प्रथमपटक भूलसुधार निर्देशन एवं सचेत गराइने र त्यसो गर्दा पनि भूलसुधार नगरेमा आवश्यक अनुसन्धानका लागि सम्बन्धित निकायमा पत्रचार गरिने काउन्सिलले जनाएको छ ।

वर्तमान अवस्थामा कतिपय सञ्चारमाध्यमबाट तथ्यगत परीक्षणबेगर भ्रामक सूचना सम्प्रेषण भइरहेको भन्ने गुनासा आइरहेको सहप्रवक्ता बोहोराले उल्लेख गरे । काउन्सिलको अनुगमनबाट त्यस्तो देखिएको सन्दर्भमा आचारसंहिताको अनुगमनलाई थप चुस्तदुरुस्त बनाउनका लागि काउन्सिलका सदस्यलाई 'फोकल पर्सन'का रूपमा तोकी अनुगमनलाई थप प्रभावकारी बनाउने प्रयास भइरहेको उनले जानकारी दिए ।

# धानमा उम्रिन थाले टुसा

**रुपन्देही/मस-** सम्मरीमाई गाउँपालिका-६ स्थित अवधपुरका किसान संगाम केवट धान भित्र्याउने र नयाँ बाली रोप्ने बेलामा भएको बेमौसमी वर्षाले धानबालीमा क्षति पुऱ्याएपछि चिन्तित बनेका छन् ।



केवटले भने, 'बाली स्याहार्ने समयमा वर्षा भएपछि ठूलो क्षति भएको छ, वर्षाले धान मात्रै होइन हाम्रो मेहनत पनि बगाएको छ ।'

उनले घाम नलाग्दा करिब २५ प्रतिशत धानमा टुसा उम्रिने र कुहिने अवस्था पुगेको बताए ।

'मेसिन चलाउने अवस्था छैन, खेत पूरै हिलाम्य भएको छ। हसियाँले धान काट्दा खर्च दोब्बर भइरहेको छ', उनले भने ।

धान भित्र्याउने र नयाँ बाली रोप्ने समयमा परेको बेमौसमी वर्षाले रुपन्देहीको मर्चवार क्षेत्रका किसान चिन्तित भएका छन् । वर्षाले धानबालीमा क्षति पुऱ्याएपछि उनीहरु झनै चिन्तित भएका हुन् ।

किसान रामप्रसाद चौधरीले धान भित्र्याउने र त्यसपछि गहुँ रोप्ने तयारीमा रहे पनि तत्काल सम्भव नदेखिएको बताए । 'माटोमा पानी जति रह्यो, बीउ राख्न पनि ढिला हुन्छ। बैमौसमी वर्षाले हामी किसानले गरेको मेहनतमाथि खेलवाड नै भएको जस्तो लाग्छ' उनले भने ।

लामो समयदेखि हसियाँले धान काटेर भित्र्याउने किसान अब भने नयाँ प्रविधिको प्रयोग गर्न थालेका छन् । कम समयमा धेरै धान काट्न सकिने हुनाले उनीहरुले कम्बाईन हार्भेष्टरको प्रयोग गर्दै आइरहेका छन् । तर, खेत भिजेका कारण कम्बाइन मेसिन चलाउन नसकिएको र हसियाँले नै धान काट्नुपर्ने बाध्यता आएको किसानको गुनासो छ । मजदुर अभाव हुनुकै साथै लागत पनि बढेको उनीहरुको भनाइ छ । 'हामी किसानका लागि खेती केवल पेसा होइन, हाम्रो जीवन हो । तर, हरेक वर्ष सिँचाइको पर्याप्त सुविधा नभएका कारण आकाशे पानीको भरोसा गर्नुपर्ने बाध्यता पनि छ', किसान मिथिलादेवी केवटले बताइन् ।

त्यसैगरी नयाँ सिजनको तयारीस्वरूप रोपिएका तरकारीका बिउ पनि पानीमा डुबेर बिग्रिने खतरा देखिएको छ । किसानले करिब २५ प्रतिशतसम्म क्षति हुने अनुमान गरेका छन् ।

कोटहीमाई गाउँपालिकाका सहायक कृषि विकास अधिकृत गिरिजा पाण्डेयका अनुसार कम चिस्यान भएका खेतका लागि यो वर्षा केही हदसम्म फाइदाजनक भए पनि काट्ने अन्तिम चरणमा रहेका धानबालीमा आंशिक क्षति पुगेको पुष्टी भएको छ ।

किसानका लागि अहिले राहतभन्दा बढी चिन्ता छाएको छ । हरेक वर्ष बेमौसमी वर्षा, धान रोप्ने बेला मलको अभाव र उत्पादनको उचित बजार मूल्य नपाउँदा किसानमा चिन्ता बढेको छ ।

### रूस-युक्रेन...

भने सम्बन्धित परिवारको सहमतिमा तीन जना नेपालीको दाहसंस्कार रुसमै गरिएको थियो ।

मृतक नेपालीहरूको शव पठाउन र मृतकका परिवारलाई क्षतिपूर्ति दिन कूटनीतिक च्यानलमार्फत नेपाल सरकारका तर्फबाट रुस सरकारलाई पहिल समेत हुँदै आएको छ । मृतकका परिवारले क्षतिपूर्तिसमेत पाएका छन्। बेपत्ता भएकाहरूको सम्बन्धमा भने रुसी सरकार मौन रहँदै आएको छ ।

नेपालीहरू विगतमा बेलायती र भारतीय सेनामा भर्ती हुन्थे । दुवै देशमा सन्धिका आधारमा हुने गर्थ्यो । अन्य देशमा नेपालले सम्बन्धित देशको सेनामा नेपाली नागरिक भर्तीका लागि अनुमति छैन। तर रुसी सेनामा नेपालीको नयाँ भर्ती भने रोकिएको छैन । सरकारले अनुमति नरहेको भनेर जनचेतना फैलाउँदासमेत नेपाली गइरहेका छन् भने नेपाल सरकारले रुसी सरकारलाई रुसी सेनामा नेपाली भर्ती नगर्न आग्रह गरे पनि भर्ती लिइरहेको छ ।

परराष्ट्र मन्त्रालयका अधिकारीहरू रुसी सेना नेपालीहरूको भर्ती रोकिएको जानकारीमा छैन। भर्ती भएकाहरूको पनि करार रद्द गर्न भनेको पनि रुसी सरकारले मानेको जानकारीमा छैन ।

कतिपय रुसी सेनामा भर्ती भएर रुसी नागरिकतासमेत लिएका छन् ।

### वैकल्पिक...

'माओवादी विचार र पहिचानलाई परित्याग गर्दै बहुदलीय जनवादका आधारभूत मान्यतासँग आत्मसमर्पण गर्ने प्रवृत्तिले पार्टीको आधारभूत चरित्रलाई पूर्णरूपमा समाप्त पार्छ,' उनले भनेका छन् । तर माओवादी प्रवक्ता अग्नि सापकोटाले माओवादी नफुट्ने दाबी गरेका छन्। प्रवक्ता सापकोटाले भने, 'अध्यक्षसहित सबैले बस्नुस्, छलफल गरौं, छलफल गरेपछि निष्कर्षमा पुगौंला भनेका थियौं । उहाँको तरिका अराजक छ। तर फुट्दैन ।'

माओवादीसँगको एकतामा नेकपा एसमा सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्यम भुसाल पक्षधर नेताहरू समेत नजाने भएका छन्। उनीहरू नेकपा एसलाई नै पुर्नगठन गर्ने भएका हुन्। महासचिव भुसालको नेतृत्वमा पार्टी पुनर्गठनको निर्णय गरिसकेका छन् । माओवादी केन्द्रसँग एकताको विपक्षमा १४ जना नेता खुलेका छन्। सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ नेता घनेन्द्र बस्नेत र महासचिव घनश्याम भुसालसहितका नेता तत्काल एकताको विपक्षमा उभिएका हुन् । त्यस्तै, स्थायी कमिटी सदस्यमा विजय पौडेल, रामकुमारी झाँक्री र जीवनराम श्रेष्ठ रहेका छन् । पोलिटब्युरो सदस्य लक्ष्मण लम्साल, शिव भण्डारी, अब्दुल हुसैन, अशेष घिमिरे, दामोदर अर्याल, पोलिटब्युरो सदस्य धर्म निरौला, महेश रेग्मी र केन्द्रीय सदस्य आरती लामा छन्।

लामो समयदेखि वाम तथा कम्युनिस्ट एकताको बहस चलाएको माओवादीले विप्लव नेतृत्वको माओवादीसँग समेत अन्तिम छलफलमा पुगेको बताएको थियो । तर विप्लवले आफ्नो दल निर्वाचन आयोगमा दर्ता गराइसकेका छन्। नेकपा एसका सम्मानित नेता झलनाथ खनालले आफू कम्युनिस्ट एकताकै पक्षमा रहे पनि माओवादीसँगको एकताको समय भइनसकेको बताएका छन्। यथास्थितिमा पार्टी एकता प्रक्रियामा नजाने अडान लिएका नेकपा एकीकृत समाजवादीका नेताहरूले शनिबार नै छुट्टै भेला गरेका नेकपा एस पुनर्गठनको निर्णय गरेको महासचिव घनश्याम भुसालले बताए । सुकेधारामा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, वरिष्ठ नेता घनेन्द्र बस्नेत, महासचिव घनश्याम भुसालसहित १ सय ७ जना केन्द्रीय सदस्यको भेला भएको थियो । यो भेलाले पार्टी पुनर्गठन र अरू वाम शक्तिसँग एकताका निम्ति संयोजन गर्ने जिम्मा महासचिव भुसाललाई दिएको छ। 'सबै कम्युनिस्ट पार्टीको पुनर्गठन गरी शीर्ष नेतालाई फरक भूमिकामा राख्ने र बाँकीले कार्यकारी नेतृत्व लिने कामको पहलकदमी गर्ने जिम्मा महासचिव घनश्याम भुसाललाई दिइएको छ,' पोलिटब्युरो सदस्य अशेष घिमिरेले भने । उनका अनुसार आजको भेलामा ८३ जनाले बोलेका थिए ।

### पेचिलो...

पाँच वर्षसम्म एउटा सम्पूर्ण अधिकार प्राप्त प्रत्यक्ष निर्वाचित कार्यकारी अधिनायकवादी भने सबैका अधिकार खोसिन्छन्, स्वतन्त्रता हनन हुन्छ र उसलाई हटाउन त ठुलै हिंसात्मक स्थिति आउँछ,' आचार्यले मध्यान्हसँग भने। संविधान संशोधन गर्न सक्ने संसद् नै विघटन भइसकेकाले अब यो मुद्दा संवैधानिक रूपमा किनारा लागेको छ, भने राजनीतिक रूपमा मात्रै बहस योग्य छ ।

शासकीय स्वरूप परिवर्तन गरी प्रत्यक्ष कार्यकारीको व्यवस्था ल्याउने सन्दर्भमा वर्तमान अन्तरिम सरकार पछि हटेको छ । संवैधानिक, कानुनी र व्यावहारिक जटिलतासमेत रहेकाले यो मुद्दामा अल्झने नसक्ने प्रधानमन्त्री सुशीला कार्कीले सरकार गठन भएकै केही दिनमै बताएकी थिइन् । सरकारलाई चुनाव गराउने म्यान्डेट मात्रै रहेकाले शासकीय स्वरूप परिवर्तनमा हात हाल्न नसकिने उनको भनाइ छ। उनी अहिले पनि यो विषयमा दृढ छन् । प्रत्यक्ष कार्यकारीको व्यवस्था ल्याएर प्रधानमन्त्री लड्ने योजनामा रहेको काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह र उनको स्कुलिङमा रहेका केही जेनजीका अगुवाहरूले भने प्रत्यक्ष कार्यकारीबिनाको चुनावको अर्थ नहुने अडान कायम राखेका हुन् । जेनजीका मिराज ढुंगानाले प्रत्यक्ष कार्यकारीको व्यवस्था नहुने हो भने यो निर्वाचनमा जानुको औचित्य नहुने बताए । '२०८४ मा हुने चुनवा २०८२ मा सार्नकै लागि मात्रै जेनजी आन्दोलन भएको होइन । यो व्यवस्था परिवर्तनका लागि गरिएको हो। यही अवस्थामा चुनावमा जानुको औचित्य छैन,' उनले भने ।

नेकपा माओवादी केन्द्र, रास्वपासहित नयाँ राजनीतिक दलसमेत प्रत्यक्ष कार्यकारीको मुद्दामा केन्द्रित छन् । उनीहरू निर्वाचन ऐन संशोधन गरेर यो एजेन्डामा जान सकिने बताउँछन्। तर संवैधानिक हिसाबले त्यत्तिकै जटिलता पनि छ । संविधान संशोधनमार्फत शासकीय स्वरूप परिवर्तन गर्नुपर्ने प्रतिनिधि सभा नै विघटन भइसकेको अवस्थामा संविधान संशोधन सम्भव देखिँदैन। सत्ता उल्टाउनेगरी जेनजीले गरेको आन्दोलनपछि अस्थिरता अन्त्यका लागि प्रत्यक्ष निर्वाचनबाट कार्यकारी प्रधानमन्त्री चयन गर्नुपर्ने माग उठ्नुको मूल कारण पुराना दलका शीर्ष नेताको कार्यशैली हो भन्ने कोणबाट समेत व्यापक बहस भएको छ ।

शीर्ष दलहका शीर्ष नेतृत्वबाट ३०औं वर्ष पालैपालो आफैं वरिपरि सत्ता घुमाइराख्दा पछिल्लो जेनजीको आन्दोलन र प्रत्यक्ष कार्यकारीको विषय सतहमा आएको दलका नेताहरूले बताएका छन् । अहिलेको तीन दलका तीन जना शीर्ष नेताहरूले म्युजिकल चेयर सिस्टमले सत्ता कब्जा गरिरहेकाले आमरूपमा बढेको असन्तुष्टि र वितृष्णा देखापर्दा प्रत्यक्ष कार्यकारी प्रमुखको एजेन्डा ठिक हुन्थ्यो कि ? भन्ने आवाज उठेको नेपाली कांग्रेसका नेता अर्थ राजनीतिक विज्ञ डा. गोविन्दराज पोखरेलले बताए। तर नेपालजस्तो मुलुकलाई प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको आवश्यकता, त्यसबाट हुने जोखिम, फाइदा सबै हेरेर मात्र निर्णय लिनुपर्ने पोखरेलको सुझाव छ। 'बहुजाति, बहुभाषिक हिसाबले गाँजिएको, क्षेत्रीयताले बढी गाँजिएको मुलुकमा सिधै इलेक्टेड प्राइमिनिस्टर हुने कुरामा चाहिँ केही अप्ठ्यारो पर्न सक्छ,' उनले मध्यान्हसँग भने, 'निर्वाचनमा जातीय नाराले स्थान पाउँछन्, भेगीय नारा आउँछन्, क्षेत्रीय नाराले स्थान पाउने भएकाले धेरै सेन्सिटिभ हुन्छ । प्रत्यक्ष कार्यकारी अलि अधिनायवादी हुन खोज्यो भने अंकुश लगाउने ठाउँ हुँदैन र नागरिकका सबै अधिकार कोल्याप्स हुन्छन्।' प्रत्यक्ष कार्यकारीभन्दा पर्फमेन्स नभएका नेताले नेतृत्व नपाउने र कार्यकारी प्रमुखले मन्त्रीहरू छान्दा उसको पर्फमेन्स हेरेर छान्ने, उसलाई फालेर नयाँ ल्याउन सक्ने प्रावधान राजनीतिक पार्टीको विधानमा अथवा संविधानमै राख्नुपर्ने उनको मत छ ।

दलहरूले निर्वाचन जित्न पैसा खर्च गर्ने, जितेपछि खर्च उठाउने र फेरि निर्वाचन लड्ने तयारीका लागि पैसा उठाउने चक्र चलिरहँदा नागरिक तहमा ठुलो विस्फोट भएर राज्य सत्ता निश्चित समयका लागि एउटै व्यक्तिको हातमा थमाउने सोच आएको विज्ञाको भनाइ छ । तर त्यसबाट पनि नेपालजस्तो देशको समस्या समाधान नहुने उनीहरूको जिकिर छ। नेपालजस्तो भौगोलीक, जातीय, साम्प्रदायिक विविधतापूर्ण लोकतान्त्रिक देशमा प्रत्यक्ष कार्यकारीको व्यवस्था ठिक नहुने पूर्वराजदूत आचार्यले टिप्पणी गरे । उनले भने, 'हाम्रो आन्तरिक र बाह्य भौगोलिक स्थिति, राष्ट्रिय स्वाधीनता, प्रजातन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, संगठन स्वतन्त्रता र राजनीतिक इतिहासको अध्ययन गर्दा प्रत्यक्ष कार्यकारीको व्यवस्था अमिल्दो हुन्छ ।' मुलुकको भौगोलिक, जनसांख्यिक स्थितिअनुसार एउटा बहुमत प्राप्त व्यक्तिले सम्पूर्ण अधिकार प्राप्त गर्ने र जो अल्पमतमा रहेका छन् उसको केही नहुने भन्ने स्थिति आउने अवस्थाका कारण पनि यतातर्फ जान नसकिने उनले बताए। सरकारले आगामी फागुन २१ को प्रतिनिधि सभा निर्वाचन घोषणासँगै चुनावको तयारी गरिरहेको छ । चुनावको तयारीअन्तर्गत गर्नुपर्ने सम्पूर्ण काम धमाधम भइरहेको निर्वाचन आयोगले जनाएको छ। सरकारको तर्फबाट गर्नुपर्ने मतदाता नामावली संकलन, निर्वाचन ऐन संशोधन, सुरक्षाको पूर्वतयारी, दलहरूबीचको छलफललगायतका काम भइरहेको छ । तर यही निर्वाचनमा प्रत्यक्ष निर्वाचित कार्यकारीको विषय भने बहसमा मात्रै सीमित हुने देखिन्छ।

### मलेसियन...

बैठकमा सहभागी मुख्य सचिव एक नारायण अर्यालले मलेसियाको प्रस्ताव सैद्धान्तिक तथा व्यवहारिक दुवै दृष्टिकोणले गलत देखिएको बताउँदै कार्यान्वयन नहुने बताएका थिए । उनले मलेसियासँग यस विषयमा कूटनीतिक रूपमा छलफल गर्ने पनि बताएका छन्।

मलेसियामा वन स्टप सेन्टरले विदेशी कामदारहरूलाई भर्ना गर्ने विषयमा रोजगारदाताहरूका लागि केन्द्रीकृत सुविधाको रूपमा काम गर्दछ। उक्त संस्था गृह मन्त्रालय अन्तर्गत रहेको छ। यसले विदेशी कामदार रोजगार कोटा आवेदन र सम्बन्धित मामिलाहरूमा निर्णय गर्ने, प्रशोधन र जारी गर्ने, विदेशी कामदारको लेवी भुक्तानी संकलन तथा लेवी फिर्ता दाबीहरूको व्यवस्थापन गर्ने, विदेशी कामदार रोजगारीसँग सम्बन्धित सल्लाहकार सेवा प्रदान गर्ने, साथै विदेशी कामदार रोजगारीका सामान्य आवश्यकताहरू र योग्यता मापदण्ड तोक्ने कार्य गर्दै आएको छ ।

विगतमा उक्त अधिकार मलेसियाको मानव संशाधन मन्त्रालय अन्तर्गत सार्दा विवाद भएको थियो। पछि अन्तरमन्त्रालय छलफलपछि विदेशी कामदार भर्ना मापदण्ड तोक्ने अधिकार पुनः गृह मन्त्रालयमा फिर्ता गरिएको थियो।

यसपटक म्यानपावर कम्पनीहरूको मापदण्ड सबै स्रोत मुलुकका लागि नतोकी नेपाल, भारत, पाकिस्तान, बंगलादेश र भियतनामका लागि मात्र तोकिनु र विदेश मन्त्रालय मापदण्ड कार्यान्वयनमा बढी अग्रसर हुनुले मलेसियाभित्र नै समन्वय नभएको विश्लेषणलाई बल पुऱ्याएको छ ।

आप्रवासी कामदार अधिकारकर्मीहरूले मलेसिया विदेशी कामदार भर्ना प्रक्रियामा एक प्रणालीगत संकटबाट गुज्रिएको बताएका छन् । निहित राजनीतिक र वित्तीय स्वार्थद्वारा निरन्तर चलिरहेको यो संकट राजनीतिक इच्छाशक्ति, पारदर्शिता र कार्यान्वयनको अभावका कारण अन्तर्राष्ट्रिय बद्नामीको अवस्थासम्म पुगेको उनीहरूको भनाइ छ ।

आप्रवासी कामदार अधिकार समूहले विदेशी कामदारहरूको भर्तीमा प्रणालीगत त्रुटिहरू तुरुन्तै सम्बोधन नगरे मलेसिया आधुनिक दासत्वको केन्द्र बन्न सक्ने चेतावनी दिएका छन् ।

### सिन्डिकेट...

सेरी सैफुद्दीन नासुशन इस्माइलले उक्त मुद्दा दुवै देशका सरकार र प्रहरीको स्तरमा मात्रै व्यवस्थापन भइरहेको बताएका छन् ।

अमिन नेपालमा वैदेशिक रोजगारसँग जोडेर खडा गरिने सिन्डिकेटका लागि बदनाम छन् ।

बंगलादेशमा दुवै जनामाथि मनी लाउन्ड्रिङ, जबरजस्ती चन्दा असुली र विदेशी कामदार बेचबिखन गतिविधिमा संलग्न रहेको आरोप छ ।

यस पटक उनले नेपाली व्यवसायीहरूमार्फत ठुलो रकम उठाएको हुनसक्ने बताइएको छ। बंगलादेशबाट खोजी भइरहेका उनले नेपाली व्यवसायीबाट उठाएको रकम पचाउन मलेसियाको विदेश मन्त्रालयलाई प्रभावमा पारेर घुमाउरो तरिकाले सिन्डिकेट लगाउन अधकल्चो प्रक्रिया अघि बढाई सिन्डिकेटधारीहरुबाट उठाएको रकम फिर्ता नगर्ने रणनीति बनाएको कतिपयको टिप्पणी छ।

एक व्यवसायीले आफ्नो नाम नछाप्ने सर्तमा मध्यान्हसँग भने, 'सिन्डिकेट नलाग्ने खण्डमा अमिनसँग पैसा फिर्ता माग्दा उनको जवाफ हुनेछ- देख्यौ ! मैले त मलेसिया सरकारबाट निर्णय गराएकै हो नि, तिम्रो लगानी त्यसैमा गयो !'



*हरि बोधिनी एकादशी पर्वको अवसरमा शनिबार काठमाडौंस्थित पशुपतिमा तारिएको तोरण । पर्वको अवसरमा श्रद्धालु भक्तजनहरुले नजिकैको खोला, पोखरी वा तीर्थस्थलमा गएर स्नान गरी भगवान् तुलसी एवं विष्णुको पूजाआराधणा गर्नुका साथै तोरण तारेर एकादशी पर्व मनाएका छन् ।*

# सातै प्रदेशका मुख्यमन्त्रीसँग संयुक्त छलफल गर्दै प्रधानमन्त्री कार्की



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीसहितको बैठक आह्वान गरेकी छन् । आइतबार दिउँसो ४ बजे बालुवाटारमा बस्ने गरी सातै प्रदेशका मुख्यमन्त्रीलाई जानकारी गराइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद र सहकार्यलाई थप सघन बनाउनका लागि बैठक आह्वान गरेकी उनका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिए । बैठकमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार, बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थिति रहनेछ ।

**कांग्रेस महामन्त्रीद्वयसँग निर्वाचनबारे परामर्श**

प्रधानमन्त्री सुशीला कार्कीले विभिन्न राजनीतिक दलका नेताहरूसँग निर्वाचनका विषयमा परामर्श जारी राखेकी छन् । यसै सन्दर्भमा शनिबार नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासँग छलफल गरेकी छन् ।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनबारे हालसम्म सरकार र राजनीतिक दलका तर्फबाट भएका तयारी तथा आगामी दिनमा गर्नुपर्ने कामका विषयमा छलफल गर्नुभएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीले निर्वाचनमा राजनीतिक दलको स्पष्ट प्रतिबद्धता आउनुपर्नेमा जोड दिएकी छन् । सो क्रममा महामन्त्रीद्वयले भने,'औपचारिक निर्णय गर्न बाँकी भए पनि कांग्रेस निर्वाचनमा जान प्रतिबद्ध छ । शीघ्र यसबारे आधिकारीक निर्णय पनि गर्छौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) पनि राष्ट्रलाई निकास दिनका लागि निर्वाचनबाट भाग्न सक्दैन भन्ने विश्वास छ । एमालेलाई सहमतिमा ल्याउन सरकारले पनि थप प्रयास गर्नुपर्ने देखिन्छ । हामी पनि प्रयासरत छौं ।' उनीहरूले आफ्नो पार्टीले जेनजी युवासहित अन्य दलसँग पनि शीघ्र निर्वाचनलगायत समसामयिक विषयमा गहन संवाद गर्ने बताए । महामन्त्रीद्वय थापा र शर्माले जेनजी युवालगायत सबै राजनीतिक दलसँग गहन छलफल गरेर युवा आन्दोलनका मागलाई निर्वाचन अघि केकसरी सम्बोधन गर्न सकिन्छ र निर्वाचनपछिको संसद्को पहिलो बैठकले केके निर्णय गर्ने भन्ने विषयमा अहिले नै सहमति गरेर जानुपर्ने धारणा राखेका थिए । प्रधानमन्त्री कार्कीले एमाले नेतालाई पनि छलफलका लागि बोलाएकी उनको सचिवालयले जनाएको छ । शनिबार एमाले सचिवालय बैठक भएकाले छलफल अर्को दिन गर्ने एमाले नेतृत्वले बालुवाटारमा जानकारी गराएको प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्रेष्ठले जानकारी दिए । प्रधानमन्त्री कार्कीले यसअघि पनि विभिन्न चरणमा फरकफरक दलका नेताहरूसँग छलफल गरेकी थिइन् । प्रधानमन्त्रीकै आह्वानमा यसअघि सरकार, राजनीतिक दल र जेनजी युवाबीच त्रिपक्षीय संवाद पनि भइसकेको छ ।

# सरकार र आन्दोलनरत नर्सबीच सहमति




**काठमाडौं/मस–**सरकार र उचित पारिश्रमिक नपाएको भन्दै आन्दोलनरत नर्सबीच सहमति भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा शनिबार भएको वार्तामा मन्त्रालय र नर्सिङ पक्षका प्रतिनिधिबीच सहमति जुटेको हो ।

मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले आइतबारदेखि नर्सहरूको आन्दोलनका कार्यक्रम फिर्ता लिने र सरकारले आन्दोलनका क्रममा उठाएका कार्यान्वयनका लागि सहमति भएको जानकारी दिए ।

उनले भने, 'निजी मेडिकल कलेज तथा ठूला निजी अस्पतालले कात्तिक महिनादेखि नै पूर्ण रूपमा सरकारी पाँचौ तह ३४ हजार ७ सय ३० न्यूनतम पारिश्रमिक तलब दिने सहमति भएको छ । यसैगरी निजी अस्पतालले क्षमताअनुसार हाललाई ८० प्रतिशत तलब दिनुपर्ने र एक महिनामा अस्पतालको वर्गीकरण गरेर सरकारी सरह तलब पुऱ्याउने सहमति भएको छ ।'

डा.बुढाथोकीका अनुसार यस विषयमा अध्ययन र आवश्यक सिफारिस गर्न गठित कार्यदलले एक महिनाभित्र प्रतिवेदन पेस गरेपछि बाँकी अस्पतालले पनि सरकारी मापदण्डअनुसार पूर्ण तलब दिनुपर्नेछ । यसअघि सरकारले नर्सका माग सम्बोधन गर्न १४ सदस्यीय समिति गठन गरेको थियो ।

शनिबारको वार्तामा स्वास्थ्य मन्त्री डा.सुधा शर्मा गौतमसहित मन्त्रालयका सचिव डा.विकास देवकोटा, प्रवक्ता बुढाथोकीसहित नर्सिङ संघ तथा निजी मेडिकल कलेजका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# पूर्वमन्त्री आलमको 'आइसियू'मा उपचार हुँदै



**काठमाडौं/मस–**नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद आफ्ताब आलमको स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि अस्पतालको सघन कक्ष (आइसियू) मा राखेर उपचार भइरहेको छ ।

मिर्गौलामा संक्रमण देखिएपछि सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालको आइसियूमा उपचार भइरहेको जनाइएको छ । उनी लामो समयदेखि मिर्गौलाको डायलाइसिस गराइरहेका छन् ।

विगतमा रौटहतबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने उनले केही समय वन तथा वातावरण र श्रम तथा रोजगार मन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

# तीन सातादेखि सुर्नया गाउँपालिकामा तालाबन्दी




**बैतडी/मस–**सूचनाको माग गर्दै जेनजी समूहले बैतडीको सुर्नया गाउँपालिकामा तीन हप्तादेखि गरेको तालाबन्दी अझै खुल्न सकेको छैन । विभिन्न ११ बुँदे माग राख्दै गत असोज २४ गतेदेखि गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरिएको जेनजी समूहका नेतृत्वकर्ता विशाल भट्टले बताए । उनले भने, 'गाउँपालिकाको हितको लागि र पालिकामा सुशासन कायम गर्नका लागि माग अघि सारेका हौं । सूचनाको मागलाई तुरुन्तै कार्यान्वयन गर्नुपर्छ । नभए हामी तालाबन्दी खोल्ने पक्षमा छैनौं ।'

जेनजी समूहले २०७४ सालदेखि अहिलेसम्म संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन भई गाउँपालिकाभित्र कार्यान्वयन भएका योजना, आयोजना, विषयगत कार्यक्रम र खर्चको विवरण सार्वजनिक गर्न माग गरेका छन् ।

आर्थिक वर्ष २०८१/८२ को चालु र पुँजीगततर्फको गाउँपालिकाको सबै खर्च विवरण, जनप्रतिनिधि र कर्मचारीले लिएको घर भाडा, गाडी भाडा, भ्रमण भत्ता, इन्धन खर्च र मर्मत खर्चको छुट्टाछुट्टै विवरण र कार्यपालिकाको निर्णयको प्रतिलिपि उपलब्ध गराउनुपर्ने उनीहरुको माग छ ।

सुदूरपश्चिम प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐनअनुरूप र सङ्घीय मन्त्रिपरिषद्को निर्णयअनुरूप दरबन्दीविहीन करार कर्मचारीलाई हटाउनुपर्ने र माथिल्लो सरकारी निकायबाट वा सरकारबाट लागू गर्नु भनि आएका पत्र परिपत्रको कार्यान्वयन यथाशीघ्र गर्नुपर्ने पनि उनीहरुले माग राखेका छन् । महालेखा परीक्षकको प्रतिवेदन अनुसार र गाउँपालिकाबाट असुल गर्नुपर्ने भनी तोकिएको रकम तुरुन्त असुल गरी सार्वजनिक गर्नुपर्ने, शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, विपद् र खानेपानी जस्ता अति आवश्यक क्षेत्रका योजना तत्काल कार्यान्वयन गर्नुपर्ने, वडामा विनियोजन भएको मसलन्द खर्च १३ लाख ५० हजारलाई कटौती गरी नियमन गइनुपर्ने र युवाको क्षेत्रमा बजेट विनियोजन गरी तत्काल गाउँपालिकामा स्थानीय युवा परिषद् गठन गर्नुपर्ने उनीहरुको माग छ ।

तालाबन्दी गरेको तीन हप्तासम्म पटक-पटक वार्ता र संवाद भए पनि निष्कर्षमा पुग्न नसकिएको गाउँपालिकाका अध्यक्ष अम्मर कुँवरले बताए । तालाबन्दी खोल्ने विषयमा छलफल जारी राखेको र केही बुँदामा सहमति हुन बाँकी रहेकाले छलफल निरन्तर भइरहेको उनको भनाइ छ । उनले भने, 'हामी निरन्तर छलफलमै छौं । केही बुँदाहरूमा सहमति हुन बाँकी रहेको छ । खास गरेर करारका कर्मचारी हटाउनुपर्ने विषयमा सहमति हुन सकेको छैन् ।'

करारका सबै कर्मचारी हटाउनुपर्ने मागमा पालिकाको तर्फबाट असहमति रहेको अध्यक्ष कुँवरले बताए । उनले भने, 'करारका कर्मचारी हटाउँदा शिक्षा, स्वास्थ्य र प्रशासन क्षेत्र नै ठप्प हुन्छ । १७० जना करारका कर्मचारी एकैपटक बाहिरिन्छन् । विद्यालय, स्वास्थ्य संस्थासमेत बन्द हुने अवस्थामा पुग्छन् । त्यसैले यो विषयमा पुर्नविचार गर्न जेनजीलाई आग्रह गरेका छौं ।' अध्यक्ष कुँवरले जेनजी समूहलाई पहिले तालाबन्दी खोल्नुपर्ने सर्त राखेको बताए । उनले भने, 'गाउँपालिकामा तालाबन्दी गरेर हामीले कहाँबाट सूचना दिने, सर्वप्रथम तालाबन्दी खोलिनुपर्छ अनि सूचना दिने काम प्रक्रियागत रुपमा अगाडि बढ्छ ।'

# 'पासाङ ल्हामु शेर्पा साहसी महिला पर्वतारोही पुरस्कार'बाट शेर्पा सम्मानित



**काठमाडौ/मस–** सगरमाथा चढ्ने पहिलो महिला प्रहरी कुन्जाङ छोपाल शेर्पा 'पासाङ ल्हामु शेर्पा साहसी महिला पर्वतारोही पुरस्कार' बाट सम्मानित भएकी छिन् ।

नेपाल पर्वतारोहण संघ(एनएमए) को ५२ औं वार्षिकोत्सवको अवसरमा नेपाल प्रहरीकी सई शेर्पा सम्मानित भएकी हुन् । उनले सगरमाथा आरोहण गर्ने पहिलो महिला प्रहरी अधिकारीको कीर्तिमान बनाएकी थिइन् । १४ वटा आठ हजार मिटरभन्दा माथिका शिखरहरू डाउन फेदर बिना आरोहण गर्ने इतिहास रच्ने मिङ्मा तेन्जी शेर्पालाई 'कुमार खड्ग विक्रम शाह एडभेन्चर अवार्ड' प्रदान गरिएको थियो । विश्वको दोस्रो अग्लो शिखर के-टू छप्काउनका लागि विश्व कीर्तिमान बनाएका सिद्धि बहादुर तामाङले 'डा. हर्क गुरुङ पर्वतारोहण पुरस्कार' पाए ।

# हेलिकप्टरबाट महिलाको उद्धार



**म्याग्दी/मस–**म्याग्दीको धवलागिरि गाउँपालिका-६ मराङबाट शनिबार प्रसूति व्यथा लागेकी महिलाको हेलिप्कटरबाट उद्धार गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार मराङ स्वास्थ्यचौकीमा प्रसूति व्यथा लागेर आएकी विष्णुकुमारी गर्बुजालाई हेलिकप्टरबाट उद्धार गरेर गण्डकी अस्पताल पोखरा पुऱ्याएको हो ।

गण्डकी प्रदेश सरकारले विकट क्षेत्रमा जटिल अवस्थाका सुत्केरी र गर्भवतीको उद्धारका लागि निःशुल्क हवाई उद्धार गर्दै आएको छ ।

# चन्दा उठाएर गाउँघर क्लिनिक स्थापना



**बागलुङ/मस–** चन्दा संकलन गरेर बागलुङ नगरपालिका-१४ नारायणस्थानको कैयामा हाम्रो स्वास्थ्य गाउँघर क्लिनिक स्थापना गरिएको छ ।

बागलुङ नगरपालिका, नारायणस्थान स्वास्थ्य चौकी फेयरमेड, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन, सम्बोधन परियोजना, कैया टोल विकास संस्था, शिवा प्राथमिक विद्यालय र टोल विकास संस्था, व्यक्तिगत सहयोगका साथैस्थानीय समाजसेवीहरूको सहयोगमा क्लिनिक स्थापना भएको हो ।

शुक्रबारदेखि सञ्चालनमा आएको क्लिनिक एक लाख नौ हजारको लागतमा स्थापना गरिएको वडाध्यक्ष चक्रबहादुर खत्रीले जानकारी दिए । औषधि र जनशक्ति भने बागलुङ नगरपालिकाले उपलब्ध गराउने उनले बताए । गाउँघर स्वास्थ्य क्लिनिक सञ्चालनका लागि नगरपालिकाको १५ हजार ४ सय रूपैयाँ, नारायणस्थान स्वास्थ्य चौकीको २८ हजार २ सय ३०, नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसन सम्बोधन परियोजनाको २७ हजार ४ सय ४५, टोल विकास संस्थाको १० हजार ५ सय र टोल विकास संस्थाका अध्यक्ष होमनाथ ढकालको व्यक्तिगत १८ हजार रुपैयाँ सहयोग गरेका थिए । यसैगरी, प्रगतिशील स्वास्थ्य आमासमूहको चार हजार २ सय स्थानीय समाजसेवी गौरबहादुर पौडेल र उनकी धर्मपत्नी भद्रकला पौडेलको चार हजार ५ सय, स्थानीय मनकुमारी थापाको एक हजार २ सय, शिव प्राथमिक विद्यालयमा रहेको भवनको एक कोठाको सहयोग गरी एक लाख नौ हजार ४ सय ७५ लागत साझेदारी कार्यक्रममार्फत क्लिनिकको सञ्चालनमा ल्याइएको हो । गाउँघर क्लिनिकलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्न संघसंस्थाबीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको छ ।

बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले कर्मचारीबाहेकका सबै व्यवस्थापकीय काम औषधि, उपकरण र आवश्यकताअनुसारका अन्य कुरामा नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
WE'RE HIRING
पब्लिक रिलेसन अफिसर (PRO)
४ जना (महिला/पुरुष)
योग्यता : पब्लिक रिलेसन राम्रो भएको र कम्तिमा २ बर्ष सम्बन्धित काममा अनुभव भएको हुनुपर्नेछ ।
तलब आपसी समझदारीमा ।
WIN RECRUITMENT PVT. LTD.
Samakhusi, Kathmandu, Tel.: 9801112250

## सम्पादकीय

# स्वदेशमै सम्भावना खोज

फेब्रुअरी २०२२ देखि सुरू भएको रूस-युक्रेन युद्ध चार वर्ष पुग्दै छ । यो युद्धले केवल युरोपलाई मात्रै प्रभाव पारेको छैन । संसारभरका हजारौं परिवारको भविष्य बदलिदिएको छ । यसबाट नेपाल अछुतो रहने कुरै भएन । किनभने रूस-युक्रेन युद्धमा नेपालीसमेत भिडिरहेका छन् । रूसी सेनामा भर्तीहरूमध्ये १ सय १ जनाले त ज्यान गुमाइसके । १ सय २५ बेपत्ता छन् । ३ सय ५० बढी परिवारले आफन्त हराएको भनेर परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागमा निवेदन दिएका छन् । यो केवल तथ्यांक होइन, यसका पछाडि नेपालको गरिबी, रोजगारीको अभावले निम्त्याएको विदेश यात्रा र सेनामा भर्ती हुनुपर्नेजस्तो बाध्यताको कथा लुकेको छ । मृतकका परिवारमा विछोडको पीडा छ । जो बेपत्ता छन्, जो अहिले पनि लडिरहेका छन् तिनका परिवार नेपालमा निदाउन सकिरहेका छैनन् ।

नेपाल सरकार के गरिरहेको छ ? देखिने गरी गरिरहेको काम हो – रूसी सेनामा भर्ती नहुन बारम्बारको आग्रह । के सरकारले आग्रह गरेर रोकिएको छ त भर्ती ! छैन । नेपालको नीतिअनुसार बेलायत र भारतबाहेक अन्य देशका सेनामा नेपाली नागरिक भर्ती हुन पाउँदैनन् । तर व्यवहारमा त्यसको पालना भएको छैन । रूसी सेनामा भर्ती हुन सयौं नेपाली गए । एजेन्ट, पर्यटन भिसा र अन्य मार्ग प्रयोग गरेर पुगे । यस क्रममा सरकारको नियन्त्रण र निगरानी प्रणाली असफल रह्यो । यसकारण सरकारले आफ्नो भूमिका आफैं मूल्यांकन गर्न जरूरी छ । नेपालले औपचारिक रूपमा रूसी पक्षलाई नेपालीहरूलाई भर्ती नगर्न आग्रह गरे पनि त्यसको कार्यान्वयन सुनिश्चित गर्न न त कूटनीतिक दबाब प्रयोग गर्‍यो, न त ठोस योजना बनायो । यो राज्यको कूटनीतिक निष्क्रियता र बेरोजगारीप्रतिको बेवास्ता परिणाम हो ।

भर्ती नरोकिनुको मुख्य कारण आर्थिक निराशा र बेरोजगारीको चरम अवस्था हो । रूसले आकर्षक तलब र नागरिकताको लोभ देखायो, जुन प्रस्तावमा नेपाली युवा लोभिए । किनभने नेपालमा रोजगारी खोज्दा पाएको छैन । जसले रोजगारी र आशाको खोजीमा देश छोड्यो, उसले सरकारको आग्रह र चेतावनी मानेको छैन । तिनलाई नेपाल फर्काउन कुनै आग्रह र चेतावनीले फेरि नि काम गर्ने देखिँदैन । यदि रोजगारीका अवसर र उज्यालो भविष्य देखाउन सके बिनाआग्रह र चेतावनी नेपाली स्वदेश फर्किनेछन् ।

यदि राज्यले स्वदेशमै रोजगारी सिर्जनालाई प्राथमिकता नदिने हो भने आज रूसमा नेपाली मर्छन्, भोलि अरू कुनै युद्धभूमिमा नेपालीहरूको रगत बग्नेछ । यसकारण अब सरकारको मौनता होइन, क्रियाशील नीति र जिम्मेवार निर्णय आवश्यक छ । विदेशमा मर्न होइन स्वदेशमै बाँच्ने, काम गर्ने र समृद्ध हुने अवसर राज्यले निर्माण गरोस् ।


# सरकार नयाँ, कार्यशैली पुरानै

*प्रवृत्ति नफेरिएको पात्र फेरिँदैमा त्यसले निकास दिँदैन । सँगै, कुर्सीमा पात्र फेरिँदैमा पनि त्यसले नयाँ कुरा दिन सक्दैन । केपी शर्मा ओलीको ठाउँमा सुशीला कार्की आउँदैमा परिवर्तन भन्न सकिन्न । युवाहरूको बलिदानअनुसार डेढ महिनाको अवधिले सरकारबाट नयाँ आशा गर्ने ठाउँ देखिएको छैन ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



वर्षैपिच्छे सरकार नयाँ-नयाँ आउने गरेको छ देशमा, तर कार्यशैली भने पुरानै हुने गरेको छ । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पनि कुनै नयाँ प्रगति गर्ने छाँट देखिएको छैन । विस्थापित पुराना राजनीतिकर्मीहरूको व्यवस्थापन र तिनको गुनासो सुनुवाइ मात्र हो भने भाद्रको परिवर्तनको के महत्व रहन्छ र ? संविधानले माखे साङ्लो हालेको छ, पुरानै संविधानले देशले निकास पाउने अवस्था छँदै छैन । चुनाव तोकिएको छ, उनै पुराना दलहरूसँग वार्ता गर्नुपर्ने अवस्था रहेको छ । संवैधानिक परिषद् बिना यसका अंगहरूमा जनशक्ति पूर्ति गर्ने अवस्था छैन । नयाँ मन्त्रिमण्डलले नै पूर्णता पाएको छैन । मन्त्रीहरूको नियुक्ति तयार हुँदा काण्डका थुप्रोहरू अगाडि आइरहेका छन्, मानौं काण्डविहीन मानिस देशले पाएन वा त्यसको खोजी भएन । उही मन्त्रालयबाट सेवा सकेर घर बसेकालाई बोलाएर मन्त्रालयको नेतृत्व दिनुपर्ने अवस्था छ । कर्मचारी सरकार हुने हो भने स्थायी सरकार नै हो- त्यो स्वतः सचिवबाट मन्त्री हुन सक्ने प्रावधान राखे नै भइहाल्यो ।

चुनाव मात्रै समाधान होइन र भएको पनि छैन र देशले महँगो चुनाव मात्रै गरेर सधैं धान्न पनि सक्दैन । दुई तिहाइको सरकार, बलियो भनिएको संसद् पनि पटक-पटक बिरामी परेकै हो, कोमाबाट निकालिएकै हो र पछिल्लो पटक उसलाई विस्थापित गर्न ठूलै विस्फोट पनि भएकै हो । अझै राजनीतिले देशको मनोविज्ञान किन नबुझेको ? चुनावबाट समाधान हुने भए यसअघि नै हुन्थ्यो ।

कुनै पनि संसद्ले आफ्नो कार्यकाल पूरा गरेको छैन । २००७ सालदेखि प्रजातन्त्र आएको भनियो, तर विगतदेखि नै खिचडी छ । २०१५ सालदेखि त पंक्तिकार स्वयं पनि प्रत्यक्षदर्शी नै भएको अवस्था छ । यस अर्थमा स्पष्ट छ- नामधारी प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे पनि

> *चुनाव मात्रै समाधान होइन, भएको पनि छैन र देशले महँगो चुनाव मात्रै गरेर सधैं धान्न पनि सक्दैन । दुई तिहाइको सरकार, बलियो भनिएको संसद् पनि पटक-पटक बिरामी परेकै हो, कोमाबाट निकालिएकै हो र पछिल्लो पटक उसलाई विस्थापित गर्न ठूलै विस्फोट पनि भएकै हो ।*

मुलुक निरन्तर अभ्यास स्थल मात्रै बनेको छ । र, औसतमा २००७ सालदेखि नै दुई प्रतिशत आर्थिक वृद्धि नाघेको छैन । हराभरा सुन्दर भनिएको पछिल्लो लोकतन्त्र त झन् काण्डै-काण्डको पोको बनेको छ । तर, विगत तीन दशकमा देखिएका काण्डहरू विगतमा पहिले देखिएनन् । सबैको मनसाय स्पष्ट छ – देश लुट्ने, भुट्ने, कङ्गाल बनाउने बाहेक ।

स्वार्थ राजनीतिका बिच न धर्म बच्यो, न नैतिकता र इमानदारिता । राणाहरूले शताब्दीभन्दा बढी देश सञ्चालन कसरी गरे होलान्, अब समीक्षा गर्नुपर्छ । निरंकुश भनिएको त्यो शासनका केही पूर्वाधार अहिले पनि जीवित छन् । २०१९ सालदेखि १० वर्षमा बनेका पूर्वाधारहरू अहिलेकाले निलेका छन् । उद्योगहरू खोइ त ? बरु पछिल्लो लोभतन्त्रले ती अवशेषहरूलाई निलेको छ । मानिस निर्यात गरेको छ, बेरोजगारी बढाएको छ, उत्पादन घटाएको छ, विदेशीहरूको खेल स्थल बनाएको छ, व्यापार घाटा बढाएको छ, ऋण बढाएको छ र बचतकर्ताहरूले बैंकमा ब्याज १५ प्रतिशत पाउँथे, अहिले शून्य प्रतिशतमा झरेको छ । लगानी उत्साहित मात्रै नभएको होइन, देश खैरो सूचीमा छ । भर्खरै नाइजेरिया, मोजाम्बिक, बुर्किनो फासो, दक्षिण अफ्रिका खैरो सूचीबाट हटे, हामी हट्न सकेनौं । र, विश्वमै बढी मान्छे निर्यात गर्ने देश र विप्रेषणको धनी देशको पासपोर्ट संसारकै सबैभन्दा कच्चा छ ।

बिरामी उपचार गर्न सिंगापुर जान सक्नेले काठमाडौंलाई राम्रो अस्पताल किन दिएनन् ? जेठो र बूढो अस्पताल एक दिन गएर हेर्दा स्पष्ट हुन्छ- त्यहाँ बस्दा आँखाबाट आँसु आउँछ । केही भएका निजी अस्पतालहरू घर-खेत लिलामी गर्न उद्यत छन् । चर्को शुल्क छ, सामान्य गरिब बिरामीले उपचार गर्न सक्दैन । यति ठूलो आक्रोश जनताको छ । पंक्ति तयार भइरहँदा ललितपुरको किष्ट अस्पताल जनताको मारमा परिरहेको थियो ।

नेताको नीति हुन्छ, राजनेताले त देश बोक्छन्, तर नेता मात्रले चुनाव मात्रै बोक्छन् । जनतालाई खेताला बनाउँछन्, ज्याला दिन्छन्, भोट हाल्न बोलाउँछन् । सधैँ यो शैलीले चुनाव कसरी स्थिर हुन्छ र देश समृद्ध हुन्छ ? लोकतन्त्रले भारी सपना दियो, त्यो सपना सिंहदरबारमै चकनाचुर भएर डढिसक्दा र अब नयाँ आउनेहरूले पुनः सपनाहरू बाँडिरहँदा देश अझै अर्को रणभूमि, रण क्षेत्र र खेल स्थल बन्ने देखिन्छ । अविरल यो यात्रा र गन्तव्यहीन यो यात्राले कसलाई कहाँ पुर्‍याउला ? यति ठूलो सपना बाँड्नेहरू त विदेश भाग्ने मानसिकतामा देखिए भने, अब आउने कस्ता होलान् ? पुरानै बोतलका मदिरा नहोलान् र ?

देशमा प्रदेश आवश्यक छैन भन्ने कुरा जीवित नै छ अझै । अब केन्द्रको चुनाव भइहाल्यो भने पनि निकास र समन्वयको बाटो के हुन्छ ? दुई वर्षपछि अर्को रडाको निकालेर भङ्ग गर्ने बाहेक विकल्प देखिँदैन । देशको भूगोल सानो छ, सरकार पनि सानै आवश्यक छ । जनता कम छन्, भएका बिदेसिएका छन् धेरै, र बिदेसिएका लागि भोट हाल्ने वातावरण बनाऊ भनेको पनि धेरै वर्ष भइसकेको छ । जनता बाहिरिएर यहाँ चुनाव भइरहँदा प्रगति के हुन्छ ? अहिले जुन शून्यता छ, सर्वपक्षीय गोलमेचबाट देशलाई निकास दिएर सानो आकारको सरकारले देशको समृद्धि दिन र शान्ति सुरक्षालगायतको वातावरण तय गर्नुपर्छ ।


बाबुको सरकार ढलेर आमाको सरकार बन्नु मात्रै प्रगति हो भने, यो लोकतन्त्र अझै पारिवारिक हुन्छ । पछि दाजुको बन्ला सरकार दिदीको, भाइको बन्ला- उही दसैं, तिहार मनाइएको जस्तो चाडबाडे भइदेला । प्रवृत्ति नफेरिएको पात्र फेरिँदैमा त्यसले निकास दिँदैन । सँगै, कुर्सीमा पात्र फेरिँदैमा पनि त्यसले नयाँ कुरा दिन सक्दैन । केपी शर्मा ओलीको ठाउँमा सुशीला कार्की आउँदैमा परिवर्तन भन्न सकिन्न । युवाहरूको बलिदानअनुसार डेढ महिनाको अवधिले सरकारबाट नयाँ आशा गर्ने ठाउँ देखिएको छैन । अतः गत भाद्रको आन्दोलनको टालटुले नीति मात्र लिएर चुनावतिर जाँदा र शहादत भएकाहरूलाई सहिद बनाउँदैमा, बाँकीलाई कठघरामा राख्दैमा दिन जाने सरकार- यो पनि काम चलाऊ मात्रै होइन, निकृष्ट साबित हुन्छ । चेतना भया !

## इतिहासमा आज

२ नोभेम्बर १९९७ मा आँधी लिन्डाले भियतनामको मेकोङ डेल्टामा ठूलो तहसनहस निम्त्याएको थियो । जुन आँधीमा परि ३ हजारभन्दा बढीको मृत्यु भएको थियो ।



२ नोभेम्बर २००० मा 'अभियान १' पहिलो पटक लामो समयसम्म बस्नको लागि अन्तरिक्ष यात्रीहरु अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा आइपुगेका थिए । त्यस दिनदेखि अहिलेसम्म, स्टेशनमा अन्तरिक्षमा निरन्तर मानव उपस्थिति निर्बाध रूपमा रहेको छ ।



२ नोभेम्बर २०२० मा भियनाको इनरे स्ट्याड जिल्लामा एक व्यक्तिले ८ जनालाई गोली हानेर मार्छन् र २३ जनालाई घाइते बनाउँछन् । त्यसपछि प्रहरीले उनलाई गोली हानेर मार्दछ । जुन घटनालाई भियनामा कालो दिनको रुपमा चित्रण गरिन्छ ।



२ नोभेम्बर २०२२ मा इथियोपियाली सरकार र टिग्रे पिपुल्स लिबरेशन फ्रन्टबिच शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो । जसले टिग्रे युद्धको अन्त्य गरेको थियो ।



# जेलेन्स्कीसँग तुलना गरिएका बालेन

विचार



● नारायण प्रसाद पौडेल

> *बालेन र जेलेन्स्की राजनीतिक इतिहासमा फरक मुलुक र सन्दर्भका पात्र भए पनि प्रवेश शैली, जनअसन्तुष्टि, बाह्य शक्ति प्रभाव र सम्भावित पतनका कारणमा समानता देखिन्छ । युक्रेनमा युद्धको खरानीले जेलेन्स्कीलाई कमजोर बनाएको छ भने नेपालमा जेनजी आन्दोलनको असफलता वा विदेशी प्रभावले बालेनलाई चुनौती दिन सक्छ ।*

विश्व राजनीतिमा कहिलेकाहीँ परम्परागत दल वा पुराना नेताभन्दा बाहिरका व्यक्तिहरू अचानक उदय हुन्छन् । जनअसन्तुष्टि, सांस्कृतिक प्रभाव र लोकप्रियतावादको लहरलाई आधार बनाएर यी व्यक्तिहरू सत्तामा पुग्छन् । यस्तै उदाहरण युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र नेपालको काठमाडौं महानगर प्रमुख बालेन्द्र साह 'बालेन' हुन् । दुवैको राजनीतिमा प्रवेशको शैली, लोकप्रियताको स्रोत र सम्भावित पतनका कारणबीच उल्लेखनीय समानता देखिन्छ ।

**राजनीतिमा प्रवेशको शैली**

जेलेन्स्कीले 'सरभेन्ट अफ द पिपुल' नामक टेलिभिजन सिरियलमार्फत 'साधारण मानिसबाट राष्ट्रपतिको भूमिकामा पुगेको पात्र' अभिनय गरे । यही भूमिकाले उनलाई जनमानसमा भ्रष्टाचारविरुद्धको प्रतिमूर्तिका रूपमा स्थापित गर्‍यो । राजनीतिक दलमा लामो संघर्ष नगरी, सांस्कृतिक लोकप्रियता र जनअसन्तुष्टिलाई आधार मानेर उनी सत्तामा पुगे । ठिक त्यसैगरी बालेन- र्‍यापर, अभियन्ता र स्वच्छ छविका रूपमा स्थापित हुँदै दलहरूको भ्रष्टाचार र असक्षमताविरुद्ध युवा पुस्ताको आवाज बने । लोकप्रियता, सामाजिक सञ्जालको पहुँच र जनअसन्तुष्टिलाई आधार बनाएर उनी काठमाडौं महानगरपालिकाको मेयरमा अनौठो शैलीमा निर्वाचित भए । यसरी, दुवै नेताको उदय सांस्कृतिक प्रभाव र जनअसन्तुष्टिको संयोजनबाट भएको देखिन्छ अर्थात् दुवैको राजनीतिमा प्रवेश गर्ने शैलीमा एकरूपता पाइन्छ ।

**चुनौती र असफलताको सम्भावना**

जेलेन्स्कीले निम्त्याएको युद्धको विनाश अर्थात् रूस-युक्रेन युद्धले युक्रेनको भौतिक संरचना, अर्थतन्त्र र सामाजिक संरचनामा पारेको गम्भीर असर परेको छ । सँगै, पश्चिमी मुलुकहरुको इसारामा चल्ने अवस्था बनेको छ । लामो युद्धले युक्रेनलाई 'रणभूमिमा अल्झाइदिएको' कारण बढ्दो जनअसन्तुष्टि, भूमि लुटिनुको पीडा, युवा पुस्तामा युद्धले पारेको मानसिक प्रभाव (खुट्टा काट अभियान : युद्धको डरले आफ्नै खुट्टा काटेर युद्धको सन्त्रासबाट जोगिने) र भूमिगत प्रदेश गुमाउनुपरेको पीडाले जेलेन्स्कीको लोकप्रियता कमजोर हुँदै गएको छ । नेपालको सन्दर्भमा बालेनको डिजिटल आदेशमा सञ्चालित 'जेनजी आन्दोलन'ले युवाको ऊर्जा र असन्तुष्टिलाई राजनीतिक आन्दोलनमा परिणत त गर्‍यो, तर भौतिक उपस्थितिविहीन नेतृत्वका कारण त्यस आन्दोलनमा अराजकता, असंगठितता, स्वार्थसमूहको घुसपैठ र विदेशी हस्तक्षेपको आशंका आज विभिन्न 'जेनजी' समूहका नेता र सञ्चारमाध्यममा खुलमखुल्ला सार्वजनिक हुँदै आएका छन् । यसले बालेन स्वयंलाई पनि यदि आन्दोलन सफल नहुने, आन्दोलनका मूल उद्देश्य पूरा नहुने वा बाह्य शक्ति केन्द्रसँग जोडिएको आरोप यसरी नै अझै पुष्टि हुँदै जाने हो भने यही आन्दोलन उनको राजनीतिक पतनको कारण बन्न सक्छ भन्ने कुरा 'जेनजी'कै विभिन्न समूहले बताएका छन् । अर्को अर्थमा, दुबैको राजनीतिक पतनको कारणमा पनि एकरूपता नै हो कि भन्ने पर्याप्त आधारहरू भेटिन थालेका छन् ।

**यसरी विश्लेषण गर्दा दुबै नेताका समानताका बिन्दुहरू यसरी पनि प्रस्तुत गर्न सकिन्छ–**

१. **राजनीतिमा प्रवेश** : परम्परागत दलबाट होइन, सांस्कृतिक प्रभाव र लोकप्रियतावादबाट ।
२. **लोकप्रियताको कारण** : जनअसन्तुष्टि, दल र नेताप्रतिको आक्रोशलाई भजाएर ।
३. **बाह्य प्रभावको आरोप** : जेलेन्स्कीमाथि पश्चिमी हस्तक्षेपको, बालेनमाथि विदेशी उक्साहटको ।
४. **सम्भावित पतन** : युद्ध र आन्दोलन–दुवै नेताको पतनको आधार बन्न सक्ने ।

बालेन साह र भोलोदिमिर जेलेन्स्की राजनीतिक इतिहासमा फरक मुलुक र सन्दर्भका पात्र भए पनि प्रवेश शैली, जनअसन्तुष्टि, बाह्य शक्ति प्रभाव र सम्भावित पतनका कारणमा उल्लेखनीय समानता देखिन्छ । युक्रेनमा युद्धको खरानीले जेलेन्स्कीलाई कमजोर बनाएको छ भने नेपालमा जेनजी आन्दोलनको असफलता वा विदेशी प्रभावले बालेनलाई चुनौती दिन सक्छ । यसरी, दुवै नेताको राजनीतिक यात्रा जनताको आशा र पीडाको तराजुमा नापिने देखिन्छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

देश बहुदलीय लोकतन्त्रमा छ । दलीय प्रणालीले डेलिभरी गर्नुपर्ने हुन्छ । हरेक दलमा लफडा, किचलो र झगडा छ । कांग्रेस, एमाले, माओवादी, मधेसवादी, नयाँ, वैकल्पिक सबैको त्यही हालत । दल विधिमा हैन, झोलामा खोला भनेजस्तो नेताको 'पकेटमा पार्टी' छन् । इगो, अहंकार र संकीर्णता ग्रस्त नेता छन् । अनि चल्छ कसरी ?

आम नागरिकहरूले एक अर्काप्रति गर्नुपर्ने लिनुपर्ने र दिनुपर्ने असल संस्कार भनेको 'सेवा, सुरक्षा र शिष्टता' रहेछ । तर, हामीकहाँ ती सबैको अर्के दिशातिर अग्रसर भएर गइरहेको झैँ छ । बाटोघाटो यातायातलगायत अन्य समाज परिवारमा अनुशासनहीन शिक्षा विकसित हुँदै गइरहेको हो कि झैँ ।



**प्रेमकान्त अधिकारी**



**रञ्जित तामाङ**

एमालेको सूर्य, कांग्रेसको रुख, माओवादीको हँसिया हतौडा, नेमकिपाको मादल चुनाव चिन्ह । दलहरूले एउटा निर्वाचनमा प्रयोग गरेको चुनाव चिन्ह अर्को निर्वाचनमा प्रयोग गर्न नपाउने व्यवस्था मात्रै भयो भने पनि धेरै कुरा ठिक हुन्छ । जेनजी ठेट्नाहरूलाई कसले सम्झाउने होला यस्ता कुरा ?

पछिल्ला दिनहरूमा घरेलु बहसमा रहेका कथित 'षडयन्त्र सिद्धान्त'हरूले हामी राज्यहरूको समानता, विशेष भौगोलिक क्षेत्राधिकार सहितको सार्वभौम राज्य, अहस्तक्षेप तथा राज्यको सहमति जस्ता वेष्ट फेलिया सन्धि सम्बद्ध राष्ट्र-राज्य प्रणालीको चार शताब्दी अघिका सिद्धान्तहरूबाट प्रस्थान भएको देखायो ।



**केवल किरण**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# रुकुम पश्चिममा सुरु भयो डिग्रे मेला

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १५ कात्तिक



रुकुम पश्चिमको प्रसिद्ध डिग्रे मेला शनिबारदेखि सुरु भएको छ। जिल्लाको मुसिकोट नगरपालिका -५ थर्पुमा रहेको डिग्रे शाइकुमारी मन्दिरमा परम्परागत रुपमा लाग्दै आएको डिग्रे मेला यस वर्ष पनि कात्तिक १५ गतेबाट सुरु भएको हो। मेला पाँच दिनसम्म लाग्ने छ।

हरिबोधनी एकादशीदेखि कात्तिक पूर्णिमाको दिनसम्म लाग्ने यो मेला यस वर्ष कात्तिक १९ गतेसम्म हुनेछ। कर्णाली प्रदेशकै प्रख्यात मेलाको रुपमा चिनिने यो मेलामा पूर्णिमाको दिन पूजापाठसहित बलि चढाउने र अन्य साँस्कृतिक कार्यक्रमसहित आकर्षक नाचगान हुने डिग्रे मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लाल बहादुर केसीले मध्यान्हलाई जानकारी दिए।

अध्यक्ष केसीका अनुसार शाइकुमारी मन्दिरमा बिहानैदेखि दर्शनार्थीको बाक्लो भिड लागेको छ। उक्त मन्दिरमा पूजापाठ गर्दा मनले चिताएको पूरा हुने धार्मिक विश्वास रहेको छ।

कर्णाली प्रदेशकै प्रसिद्ध धार्मिक स्थल डिग्रेशाइ कुमारीमा पूजापाठसहित पूर्णिमाको दिनमा भव्य रूपमा मेला लाग्ने गर्दछ। मेलाको अन्तिम दिन सखालले लाठी नाँच प्रदर्शन गरेसँगै विधिवत् रूपमा मेला समापन गरिन्छ।

डिग्रे मन्दिरमा बाह्रैमास पूजापाठ हुँदै आएपनि मूल पर्वको रुपमा (पाँच दिन) अर्थात् एकादशीदेखि पूर्णिमाको दिनसम्म पूजापाठसहित मेला लाग्ने गर्दछ। मेला हेर्न कर्णाली प्रदेशका सबै जिल्ला अन्य प्रदेश र विदेशबाटसमेत मानिसहरु मेला हेर्न आउने गर्दछन्।

# स्व.थपलियाको कृतिमाथि परिचर्चा




**काठमाडौं/मस**–नागार्जुन वाङ्‌मय प्रतिष्ठानले दिवंगत साहित्यकार एवं पत्रकार यादव थपलियाको ४५औं जन्मजयन्तीका सन्दर्भमा उनका विभिन्न साहित्यिक कृतिहरूमाथि परिचर्चाको आयोजना गरेको छ।

प्रतिष्ठानको मासिक शुभप्रभात काव्यगोष्ठी समेतका अवसरमा आज उहाँका कृतिहरू 'मृत्युचुम्बन' (उपन्यास), 'समीक्षा कुटुरो' (समीक्षा), 'हाँडीगाउँको जात्रा' (कविता), 'फर्सीबाको न्याय' (बालकथा) बारे समालोचक र पत्रकारहरूबाट समीक्षा गराइएको हो। वक्ताहरूले स्व.थपलियाले साहित्यिक र पत्रकारिताका क्षेत्रमा उल्लेखनीय योगदान दिएका बताए।

समालोचक प्राडा रामप्रसाद ज्ञवालीले 'मृत्युचुम्बन' उपन्यास र समग्र समालोचना प्रस्तुत गर्दै हरेक स्रष्टाले सामूहिकताको सौन्दर्यदृष्टि दिन सक्नुपर्नेमा जोड दिए।

उनले थपलियामा त्यस प्रकारको प्रचुर सम्भावना भए पनि छोटो उमेरमा उनलाई गुमाउनु परेकाले साहित्यिक र पत्रकारिता क्षेत्रलाई क्षति पुगेको धारणा राखे।

'समीक्षा कुटुरो' माथि दिनदयाल रेग्मी, 'हाँडीगाउँको जात्रा' माथि प्रकाश सिलवालले र 'फर्सीबाको न्याय' बारे रामदेव पाण्डेले परिचर्चा गर्दै थपलियामा समयबोध र सामाजिक सन्देशयुक्त सृजनाको सामर्थ्य रहेको बताए।

कार्यक्रममा थपलियाका जीवनसँगिनीसमेत रहेकी कवि गंगा खतिवडाका 'स्रष्टा विशेष' अन्तर्गत चार कविता प्रस्तुत गरिएको थियो भने कविहरू वैरागी जेठा, शिवहरि पाण्डे, युवराज नास्तिक, माधव घिमिरे 'नास्तिक' र सुशीला शर्माले स्रष्टा थपलियाका कविता वाचन गरेका थिए।

दिवङ्गत थपलिया कान्तिपुर दैनिकका तत्कालीन उपसम्पादक तथा नागार्जुनका संस्थापक सदस्य/पूर्वउपाध्यक्ष थिए। काभ्रेको पाँचखाल नगरपालिका-११ डाँडाथोकमा विसं २०३५ असोज २१ गते जन्मिएका थपलियाको ४० वर्षमा २०७५ असार १५ गते निधन भएको थियो।

कार्यक्रममा वरिष्ठ कवि पूर्णविरामका कवितावाचकमध्येबाट अल्फी फोहेन फाक्लुप्पाले एक हजार पुरस्कार प्राप्त गरेका छन्। कृष्णहरि भट्ट, नवराज दाहाल, देवी पराजुलीले आफ्ना कविता वाचन गर्नुभएको थियो। समालोचक डा.ज्ञवालीसहित अन्यलाई नेपाली भाषा-साहित्यमा योगदान दिएबापत 'नागार्जुन वाङ्‌मय सम्मान-२०८२' प्रदान गरिएको संस्थाका अध्यक्ष दिल पौडेलले जानकारी दिए।

# तिलिचो बेसक्याम्पमा फसेका ११ पर्यटकको उद्धार



**काठमाडौं/मस**– मनाङको ङिस्याङ गाउँपालिका-९ तिलिचो तालको बेसक्याम्पमा अलपत्र परेका ११ जना आन्तरिक पर्यटकलाई सशस्त्र प्रहरी बलले उद्धार गरेको छ। शनिबार बिहान ६ बजे उनीहरूलाई सशस्त्र प्रहरी बलले उद्धार गरेको हो।

दुई जना चिनियाँ नागरिक र १३ जना नेपाली गरी जम्मा १५ जना पर्यटक हिमपातको कारण तिलिचो तालको बेसक्याम्पमा अलपत्र परेको खबर प्राप्त भएकोमा दुई चिनियाँ र ११ नेपाली गरी १३ जना मात्र फेला परेको सशस्त्रले जनाएको छ।

उनीहरू अलपत्र परेको भन्ने जानकारी पाएपछि सशस्त्र प्रहरी बल नेपाल पर्वतीय उद्धार तालिम शिक्षालय मनाङबाट सशस्त्र प्रहरी उपरीक्षक टोपबहादुर डाँगीको कमाण्डमा विपद् व्यवस्थापन तालिम प्राप्त सुरक्षा फौज र मेडिकलसहितको टोली उद्धारको लागि खटिएको थियो।

सशस्त्रका सह-प्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार उद्धार गरिएका मध्ये एक जना महिला बिरामी छन्। एक जना पुरुषको खुट्टामा चोट लागेको छ भने सबै जनामा अक्सिजन लेबल कम रहेको पाइएको छ।

पर्वतीय उद्धार तालिम शिक्षालय मनाङबाट पैदल गएको सुरक्षा फौजले शनिबार बिहान ११ नेपालीलाई चामेतर्फ ल्याएको छ। चिनियाँ नागरिक भने मौसम केही खुलेकोले भ्रमण पूरा गर्ने भन्दै बेसक्याममानै बसेका छन्।

# उदयपुरमा वर्षाले १० प्रतिशत धानबालीमा क्षति



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १५ कात्तिक

लगातार तीन दिनदेखिको अविरल वर्षाले उदयपुर जिल्लामा करिब १० प्रतिशत धानबालीमा क्षति पुगेको छ। त्रियुगा, कटारी, चौदण्डीगढी, बेलका नगरपालिका लगायतका अधिकांश वडाका कृषकहरू प्रभावित भएका छन्।

कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख योगेन्द्र प्रसाद यादवका अनुसार आकस्मिक वर्षाका कारण काटेर झार्न राखिएका तथा पाकेर काट्न तयार भएका धान लडेर नष्ट भएका हुन्।

उनका अनुसार जिल्लामा १३ हजार ३ सय ८० हेक्टर खेतीयोग्य जमिनमध्ये यस वर्ष १२ हजार ९ सय २५ हेक्टरमा धान रोपाइँ गरिएको छ, जसले कुल खेतीयोग्य जमिनको ९६.६ प्रतिशत ओगटेको छ। गत वर्ष प्रतिहेक्टर ४.५ मेट्रिक टनका दरले ५७ हजार ५ सय ७३ मेट्रिक टन धान उत्पादन भएको थियो।

चौदण्डीगढी नगरपालिका-१ का कृषक सोवित खनाले भने २४ कठ्ठामा लगाएको आफ्नो धानबाली वर्षाले पूर्णरूपमा नष्ट गरेको बताए। कृषि ज्ञान केन्द्रले प्रभावित किसानहरूको क्षतिको विवरण संकलन भइरहेको जनाएको छ।

# भोजपुरमा ट्याक्टर दुर्घटना, दुईको मृत्यु, चार घाइते

**भोजपुर/मस**-भोजपुरको षडानन्द नगरपालिका-४ मा शनिबार भएको ट्याक्टर दुर्घटनामा दुईको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन्।

चाम्लादाङबाट दिङ्लातर्फ आउँदै गरेको प्रदेश नम्बर १-०२-००३ त १२१३ नम्बरको काठ बोकेको ट्याकटर दुर्घटना हुँदा षडानन्द नगरपालिका-४ केराबारीका २५ वर्षे ट्याक्टर चालक आइतबहादुर तामाङ र अरुण गाँउपालिका-४ चरम्बीका १७ वर्षे नविन तामाङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी प्रमुख राजु लामाले जानकारी दिए।

दुर्घटनामा परी घाइते हुनेमा १९ वर्षे दाछिरि शेर्पा, २३ वर्षे अम्बर तामाङ, १८ वर्षे सागर तामाङ र १८ वर्षे सुनिता तामाङ छन्। उनीहरुको दिङ्ला नगर अपस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# बेमौसमी वर्षाले धानबालीमा क्षति, किसान चिन्तित

**सुशील दर्नाल/रासस**
काठमाडौं, १५ कात्तिक



चाँगुनारायण नगरपालिका-९ ताथलीका किसान शिव गिरीले सोमबार धान काट्ने बेला चरक्क घाम लागेको थियो। तर, मंगलबाट घाम देख्नै पाइएन। धान सुक्नै पाएन। बरु बुधबारदेखि निरन्तर झरी परिरहेको छ। गिरीलाई घाममा सुक्न नपाएको धानमा निरन्तर पानी पर्दा धान टुसा लाग्ने हो कि भन्ने चिन्ताले सताएको छ। उनले भने,'दुई विगाभन्दा बढी धान काटेको ३/४ दिन भयो, धान काटेदेखि घाम लागेकै छैन, अब धान खेतमै टुसा लाग्छ होला, वर्षभरी खेती गऱ्यो स्यार्ने बेलामा यस्तै हुन्छ।'

उनलाई एकातिर काटेको धान सुकाउन नपाइ उम्रिने हो कि भन्ने चिन्ता छ, भने अर्कोतिर ठूला पानी वा असिना परेर काट्न बाँकी धान पनि झार्दीने हो कि भन्ने चिन्ता छ। पाक्दै गरेका र काटेर राखेका धानलाई दुई-तीन दिन घाममा सुकाएमा भित्र्याउन सकिन्छ। तर वर्षा नरोकिँदा पाक्दै गरेको र काटेर सुकाएका धानमा असर गर्छ। गिरीले भन्, 'धान काटेर झार्नका लागि मुठा बाँध्ने काम हुँदै थियो, एक्कासी पानी पऱ्यो, पानीले कामै गर्न दिएन, अहिले बाँधेको मुठा र नबाधेको धान सबै भिजेको छ।'

उनले घाम लाग्ने प्रतिक्षामा मौसम सम्वन्धि समाचार पनि सुनिरहेका छन्।

गिरीलाई जस्तै भक्तपुरकै सूर्य विनायक नगरपालिका-७ गुण्डुकी मिना नगरकोटी र अनिता बस्नेतालाई पनि काटिसकेको धान घर भित्र्याउन नपाउँदा र काट्न बाँकी धानमा निरन्तर पानी पर्दा काट्नै नपाइ झर्छ कि भन्ने सुर्ता लागेको छ। गिरी र नगरकोटीले जस्तै भक्तपुरका किसानले असिना पानीको डरले तिहार लगत्तै धान काट्न थालेका थिए। तर मौसम प्रभावित भएर घाम नलाग्दा र पानी पर्दा त्यहाँका किसानले धान काट्दा काट्दै बीचमै छोड्नु परेको छ।

त्यसैगरी ललितपुरको महालक्ष्मीनगरपालिका-७ चारघरेका किसान नुच्छेराज महर्जनले मंगलबार मात्रै दुई रोपनीको धान काटे। तर, बिहीबारदेखि घाममा सुक्नुपर्ने धानलाई पानीले पिटिरहेको छ। उनलाई पनि धान भित्र्याउने समयमा पानी र असिनाले धान सखाप पार्छ कि भन्ने चिन्ता छ। उनले भने, 'खेती लगाउने बेला जहिल्यै मल र बीउको अभाव, बल्लतल्ल खेती लगायो, जब स्यार्ने बेला असिना र पानीको डर हुने, दुई वर्षअघि पनि यस्तै भएको थियो, घाम लागेको देखेर धान काटेपछि झटार्न नपाउँदै लगातार पानीले धान खेतमै उम्रेको थियो, अहिले तीन दिनदेखि निरन्तर पानी परिरहेको छ, पानीले कुटेर सबै धानले टुसा हालेर घरभित्र हाल्न पाइएन, अब अहिले त्यसै हुने त होला।' काटेको धान भित्र्याउन नपाउँदा यो वर्ष धानको उत्पादन घट्ने उनको अनुमान छ।

धान काटेपछि घाम नलाग्दा र निरन्तर पानी पर्दा ललितपुर र भक्तपुरका किसान जस्तै धादिङ, गोर्खा, लमजुङ, र रुपन्देही लगायत देशैभरीका किसान पिरमा छन्। भित्र्याउनका लागि अन्तिम तयारीका साथ काटिसकेको धान खेतको गरामै भिजेपछि किसानहरु चिन्तित छन्। यो यामको मुख्य बाली धान हो। धान स्यार्ने अवस्थामा बेमौसमी वर्षा हुँदा किसानलाई चोट परेको छ। तिहार सकिएलगत्तै पाकेको धान काटेर भित्र्याउने तयारी हुँदै गर्दा मंगलबारदेखि परेको अविरल वर्षाले धान खेतमै भिजेको छ।

अहिले काटेर सुकाएको धान खेतमा डुबेको छ। काट्न बाँकी धानको पनि पानीले बाला झारेको छ। बेमौसमी वर्षाद्का कारण वर्षभरिको मेहनत खेर जाने आम किसानको चिन्ता छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीमा विकसित चक्रवात 'मोन्या' का कारण कोशी प्रदेश अन्तर्गत संखुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ र सुनसरी, मधेश प्रदेश अन्तर्गत बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा र सप्तरी, बागमती प्रदेश अन्तर्गत काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली मौसम प्रभावित भएको छ।

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मंगलबार सूचना जारी गरी बिहीबारदेखि शनिबारसम्म धान तथा अन्य बाली नकाट्ने, काटेको भए तत्काल भित्र्याउन अनुरोध गरेको छ। बेमौसमी वर्षात्का कारण पनि यो वर्ष धानको उत्पादन घट्नसक्ने कृषि विभागको भनाइ छ।

विभागका सूचना अधिकारी तिलकराज चौँलागाईका अनुसार यस वर्ष भदौ ८ गतेसम्मम धान रोपाइँ हुने क्षेत्रफलको ९८.५४ प्रतिशत भूभागमा धान रोपिएको थियो। कोशी प्रदेशमा ८७.२४ प्रतिशत, मधेश प्रदेशमा ८६.३५, वाग्मती प्रदेशमा ९७.२७ प्रतिशत र गण्डकी प्रदेशमा ९६.६३ प्रतिशत भूभागमा रोपाइँ भएको थियो। त्यसैगरी लुम्बिनी प्रदेशमा ९८.३७ प्रतिशत, कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९४.९ प्रतिशत भूभागमा धान रोपाइँ भएको थियो। गत वर्ष भदौ ७ गतेसम्म ९४.६ प्रतिशत भूभागमा रोपाइँ गरिएको थियो। जलवायु परिवर्तनको कारण विश्वव्यापी रुपमा बढ्दो नकरात्मक असरलाई न्यूनीकरण गर्दै धान बालीमा जलवायु अनुकूलित प्रविधिहरुको अनुसन्धान र विकास एवं उपलव्ध प्रविधिको प्रचारप्रसार गरी तिनको अवलम्बन गर्न कृषक र अन्य सम्बद्ध पक्षहरु सचेत र जागरुक बनाई सघन धान खेती (वर्षे र चैते) मार्फत उत्पादन एवं उत्पादकत्व बढाउनु पर्ने र देशलाई खाद्यान्नमा आत्मनिर्भर र खाद्य सुरक्षित हुने दिशामा काम गर्न अभिप्रेरित गर्ने गरी सरकारले यस वर्षको धान दिवसको नाराको 'धान बालीमा सघनताः खाद्यसुरक्षा र आत्मनिर्भरता' तय गरेको थियो।

कृषि विभागका उपनिर्देशक जगन्नाथ तिवारीले मौसमबारे बेलैमा पूर्व सूचना भएका कारण पनि किसानहरु धेरै धान काटिनसकेको अवस्थामा क्षति पनि कम हुन सक्ने बताए। यो वर्ष पानी ढिला परेको र रोपाई पनि ढिलै भएका कारण धेरै धान काट्न बाँकी भएकोले क्षति पनि कम हुने उनको भनाई छ।

आ.व. २०८१/८२ मा वर्षे र चैते दुवै गरी कूल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती भई कूल ५९ लाख ५५ हजार ४ सय ७६ मेट्रिक टन उत्पादन भएको र औपत उत्पादकत्व ४.१९ मेट्रिक टन प्रति हेक्टर रहेको थियो।

विशेषगरी चालममा बढी निर्भरता, सोमध्ये पनि नेपालमा कम उत्पादन हुने मसिना तथा बासनादार चामलमा उपभोक्ताको बढी रोजाइ, छिमेकी मुलुकले धान निर्यातले लिने नीतिगत व्यवस्था लगायतका कारण उत्पादन वृद्धि हुँदाहुँदै पनि धान/चामलको आयात अपेक्षाकृत कम हुन सकिरहेको छ। सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा मुलुकलाई आगामी २ वर्षमा धानमा आत्मनिर्भर बनाउने विषय समावेश गरेको छ।

# कृषिक्षेत्रमा उल्लेखनीय काम गर्ने किसान सम्मानित



**जनकपुरधाम/मस**–कृषिक्षेत्रमा उल्लेखनीय कार्य, उत्पादन तथा उपलब्धि गरेबापत मधेस प्रदेशका आठ जिल्लाका आठ जना किसानलाई सम्मान गरिएको छ।

विश्व खाद्य दिवसका अवसरमा शनिबार जनकपुरधाममा 'स्वच्छ खाना तथा सुखद भविष्यका लागि हातोमालो' भन्ने नारासहित आयोजना गरिएको समारोहमा प्रदेशका आठ जना किसानलाई नगद, सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो।

मधेश प्रदेशको कृषि विकास निर्देशनालयद्वारा आयोजित कार्यक्रममा धनुषाको मिथिला नगरपालिका-८ का तरकारी किसान छविलाल महतो, महोत्तरी पिपरा-४ का दलहन किसान अरुण ठाकुर, सप्तरी अग्निसाइडर कृष्णासवरण-२ का फलफूल किसान महावीरप्रसाद चौधरी, बाराको जीतपुर-१८ का मकै किसान विनिता गौतम, पर्सा विन्दवासिनी-४ का च्याउ किसान सुजितकुमार चौरसिया, सर्लाही बागमती नगरपालिका-११ का मौरी किसान मणिप्रसाद पाण्डे, सिरहा नगरपालिका-२ का खाद्यान्न बीउ उत्पादक किसान बलराम यादव र रौतहटको कटहरिया नगरपालिका-५ का धान उत्पादक किसान रामसिंह राय यादव सम्मानित भएका छन्।

सो अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.उमेश दाहालले सम्मानित किसानलाई नगद २५ हजार, दोसल्लासहित सम्मानपत्र प्रदान गरे। उनले मधेश खाद्यान्नका लागि महत्वपूर्ण रहेकाले कृषि क्षेत्रको विकासमा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरे। कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# मनास्लु क्षेत्रमा घाइते भएका पर्यटकको उद्धार




**गोरखा/मस**–मनास्लु क्षेत्र भ्रमणका क्रममा भीरबाट खसेको ढुंगा लागेर गम्भीर घाइते भएका पर्यटकको शनिबार हेलीद्वारा उद्धार गरिएको छ। बिहीबार चुमनुब्री गाउँपालिका-१ सामागाउँबाट फर्कँदा ढुंगाले टाउकोमा लागेर घाइते भएका झापाका मिनुइन्द्र लम्सालको तीनदिनपछि उद्धार गरिएको हो।

प्रतिकूल मौसमका कारण हेलिकोप्टर जान नसकेर उद्धारमा ढिलाइ भएको चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताए। घाइतेलाई शनिबार दिउँसो सिम्रिक एयरको हेलीमार्फत उद्धार गरी काठमाडौं पठाएको उनले जानकारी दिए।

टाउकोमा गम्भीर चोट लागेका लम्सालको बिहीबार स्वास्थ्य चौकीमा प्राथमिक उपचार गरिरहेको थियो। बिहीबार बिहान सामागाउँबाट फर्कने क्रममा चुमनुब्री-४ बुर नजिकैको पहिरोमा भीरबाट खसेको ढुंगाले टाउकोमा लागेर ४४ वर्षीय लम्साल गम्भीर घाइते भएका थिए। उनीसँगै विशाल लम्साल र दीपेन्द्र न्यौपाने पनि रहेकामा दुवै जना सकुशल रहेका प्रमुख प्रशासकीय अधिकृत लामिछानेले जानकारी दिए।

# ‘नेपहपको श्रीपेच ३’ घोषणा डिजिटल अडिसन खुला



**काठमाडौं/मस-** अघिल्ला दुई सिजनमा दर्शकको मन जित्न सफल र्‍याप रियालिटी शो ‘नेपहपको श्रीपेच’ अब तेस्रो सिजनसहित फर्किएको छ। शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमार्फत निर्माण पक्षले ‘नेपहपको श्रीपेच सिजन ३’ को औपचारिक घोषणा गरेको हो।

कार्यक्रममा यस सिजनको डिजिटल अडिसन सुरु गरिएको जानकारी दिइयो। इच्छुक प्रतिस्पर्धीहरूले आगामी कार्तिक २५ गतेसम्म अडिसनका लागि भिडियो पठाउन सक्नेछन्।

यस पटकको अडिसन डिजिटल र फिजिकल दुबै माध्यमबाट सञ्चालन गरिनेछ। प्रतिस्पर्धीहरूले आफ्नो र्‍याप प्रस्तुतिको भिडियो लभउबष्छ्बिउ.अफ मार्फत अपलोड गर्न सक्नेछन्। साथै, शोको अफिसियल फेसबुक पेज, ह्वाट्सएप र इमेल मार्फत पनि भिडियो पठाउन सकिनेछ। अडिसनका लागि आवश्यक बिट भने ‘श्रीपेच स्टुडियो’ युट्युब च्यानलबाट डाउनलोड गर्न सकिने जनाइएको छ।

निर्माण टिमका अनुसार, यस सिजनको मुख्य प्रायोजक ‘रेड बुल’ रहनेछ। विजेताले १० लाख रुपैयाँ नगद, विश्व टुरको अवसर र ब्रान्डसँग सहकार्य गर्ने मौका पाउनेछन्। उपविजेताले ५ लाख रुपैयाँ नगद र विदेशी मञ्चमा प्रस्तुति दिने अवसर प्राप्त गर्नेछन्।

पहिलो संस्करणका विजेता भाइबर साइमन र दोस्रो सिजनका योङ वेभ रहेका थिए। दामी मिडियाको प्रस्तुति रहेको शोको कन्सेप्ट र डिजाइन सुदीप पोखरेलले तयार गरेका हुन्।

अघिल्लो सिजनमा निर्णायकका रूपमा रहेका मानस घले, गिरिश खतिवडा र महेश तामाङ ‘दोङ’ मध्ये यो सिजनका लागि हाल मानस घले र गिरिश खतिवडा मात्र घोषणा भएका छन्। तेस्रो निर्णायक चाँडै सार्वजनिक गरिने जनाइएको छ।

कार्यकारी निर्माता आदर्श विष्ट हुन् भने निर्देशन टिमको नेतृत्व विक्रम खनालले सम्हाल्नेछन्। शो मंसिर अन्त्यदेखि टेलिभिजनमा प्रसारण हुने भएको छ। प्रसारण हुने च्यानल र भोटिङ पार्टनर भने छिट्टै सार्वजनिक गरिने निर्माण पक्षले जनाएको छ।


# कट्रिनाका गर्भावस्थाका तस्बिर भाइरल गोपनीयता उल्लंघनमा बलिउड आक्रोशित

**काठमाडौं/एजेन्सी-** बलिउड अभिनेत्री कट्रिना कैफका गर्भावस्थाका निजी तस्बिरहरू सामाजिक सञ्जालमा फैलिएपछि भारतीय मनोरञ्जन क्षेत्रमै गोपनीयताको बहस पुनः तीव्र बनेको छ।

मुम्बईस्थित उनको फ्ल्याटको बार्दली (बाल्कोनी)मा खिचिएका ती तस्बिरहरूमा कट्रिनाको ‘बेबी बम्प’ स्पष्ट देखिन्छ। ती तस्वीर उनको अनुमति बिना खिचिएका हुन् भन्ने पुष्टि भएपछि प्रशंसकदेखि सह-अभिनेत्रीहरूसम्मले तीव्र प्रतिक्रिया दिएका छन्।

आफ्नो निजी जीवनप्रति सधैं सचेत रहने कट्रिनाले यस घटनाप्रति दुःख व्यक्त गरेकी छन्। उनका नजिकका स्रोतका अनुसार उनी आफ्ना व्यक्तिगत क्षणलाई सार्वजनिक प्रदर्शनको रूपमा देखिन चाहँदैनन्, यो घटनाले उनलाई पीडा दिएको छ। सो घटना सार्वजनिक भएपछि





बलिउडका अन्य कलाकारहरू पनि मिडिया र पापाराजीहरूको व्यवहारप्रति आक्रोशित बनेका छन्।

अभिनेत्री सोनाक्षी सिन्हाले सामाजिक सञ्जालमार्फत लेखेकी छिन्, ‘के भइरहेको छ यो? महिलाको आफ्नै घरभित्र बिना अनुमति तस्बिर खिच्नु र त्यसलाई सार्वजनिक गर्नु- यो अपराधभन्दा कम होइन, लाजमर्दो व्यवहार हो।’

उनको पोस्ट इन्टरनेटमा हजारौं प्रतिक्रियासहित भाइरल बनेको छ।

फ्यानहरूले समेत यस घटनालाई ‘गोपनीयताको उल्लङ्घन’ र ‘आपराधिक कार्य’ भन्दै दोषीहरूमाथि कारबाहीको माग गरेका छन्। उनीहरूका अनुसार, सेलिब्रिटी पनि आम मानिसजस्तै व्यक्तिगत जीवन बाँच्न चाहन्छन् र मिडियाले त्यो सीमालाई सम्मान गर्नुपर्छ।

केही महिनाअघि आलिया भट्टको पनि घरभित्रको निजी तस्बिर मिडियामा आएको थियो। त्यसबेला उनले मुम्बई प्रहरीलाई ट्याग गर्दै कानुनी कारबाहीको माग गरेकी थिइन्।

हालको कट्रिना विवादपछि, बलिउड भित्रै ‘सेलिब्रिटी प्राइभेसी र पापाराजी सीमारेखा’बारे नयाँ छलफल सुरु भएको छ।

# ‘अविरल जनसाहित्य यात्रा’को १०३औं विशेष शृंखला सम्पन्न




**काठमाडौं/मस-** राष्ट्रिय जनसाहित्यिक संघ, नेपालको ‘अविरल जनसाहित्य यात्रा’को १०३औं विशेष शृंखला सम्पन्न भएको छ। शनिबार आयोजित शृंखलामा स्रष्टा भवानी खतिवडाका एक दर्जन कविता प्रस्तुत गरिएका थिए।

प्रस्तुत देशभक्तिपूर्ण र समसामयिक विषयवस्तुका छन्दोबद्ध कवितामाथि टिप्पणी गर्दै समालोचक प्रा.डा. देवी नेपालले खतिवडा प्रकृतिको जीवन्त चित्रण, सामाजिक बेथितिलाई शालीन ढंगले उजागर गर्ने र रूपान्तरणको ध्वन्यार्थ सुन्दर तरिकाले सम्प्रेषण गर्ने स्रष्टा भएको बताए र

संघका अध्यक्ष नर्मदेश्वरी सत्यालले विसं २०७० चैत १४ देखि वरिष्ठ साहित्यकार डा मोदनाथ प्रश्रितबाट थालनी गरिएको ‘अविरल जनसाहित्य यात्रा’ लाई प्रगतिवादी कविलाई मञ्च प्रदान गर्दै निरन्तरता दिइएको बताए।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०७/१६**

यस बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम** : **आरती पशुपालन फर्म**
रजिष्टर्ड ठेगाना : रामगोपालपुर ०२, महोत्तरी
रजिष्ट्रेशन नं. : ७२८५/२३३/०७७/०७८ रामगोपालपुर ०२, महोत्तरी (प्रदेश सरकार, २ नं. प्रदेश, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी )
रजिष्टर्ड मिति : २०७७/०६/२६
पान नं. : ६१३९९३२०९

**प्रोप्राईटरको नाम र ठेगाना**

राम भजन दासकी बुहारी, बिनोद दासकी श्रीमती, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२, बस्ने **तेतरी देवी** (ना.प्र.नं. १८१०४८।१९२, मिति २०६७/०६/१०, जि.प्र.का. महोत्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. जानकी दासको नाती, राम भजन दासको छोरा, तेतरी देवीको श्रीमान, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२ बस्ने **बिनोद दास** (ना.प्र.नं. ०९६९२६८३, जारी मिति २०६०/११/०३, जि.प्र.का. महोत्तरी )
२. राम भजन दासको नाती, बिनोद दासको छोरा, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२ बस्ने **लाल बाबु दास** (ना.प्र.नं. १८०१७७०१४८८, जारी मिति २०७७/०६/२१, जि.प्र.का. महोत्तरी )
३. राम भजन दासको नाती, बिनोद दासको छोरा, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२ बस्ने **मोती दास** (ना.प्र.नं. १८०१७३०१४११, जारी मिति २०७१/०३/२०, जि.प्र.का. महोत्तरी )
४. राम भजन दासकी नातनी, बिनोद दासकी छोरी, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२ बस्ने **आरती कुमारी दास** (ना.प्र.नं. १८०१७७०१४०७, मिति २०७७/०६/२०, जि.प्र.का. महोत्तरी )
५. जानकी दासको छोरा, बिनोद दासको बुवा, तेतरी देवीको ससुरा, महोत्तरी जिल्ला बसबिट्ठी वडा नं. ०८ स्थाई ठेगाना भई, हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा.०२ बस्ने **राम भजन दास** (ना.प्र.नं. ०९६९११४२, जारी मिति २०३४/०१/१२, जि.प्र.का. महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL



## बुढीगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हात्तिमुडा, मोरङ**

## औषधी तथा औषधीजन्य सामान खरिद बोलपत्र आव्हानको सूचना।

**(बिद्धुतीय खरिद प्रणाली (e–GP) बाट मात्र )**

**प्रथम पटक प्रकाशित मिति २०८२/०७/१६ गते**

१. यस कार्यालय अन्तर्गतका पर्ने स्वास्थ्य संस्थाहरूको लागि आ.ब.२०८२/०८३ मा आवश्यक पर्ने अत्यावश्यक औषधी (WHO GMP Certified Company हरूबाट उत्पादित) बिद्युतीय बोलपत्र (E–Bidding) द्वारा खरिद गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक बोलपत्रदाताले बोलपत्र खरिद गर्न नियमानुसार कागजात पेश गरी मिति २०८२/०८/१६गते दिनको १२.०० बजे सम्ममा बिद्धुतीय खरिद प्रणाली (e–GP) PPMO's Website www.bolpatra.gov.np/egpबाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ। तोकिएको समय भित्र दर्ता भएका बोलपत्र सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा. पा. का प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
२. बोलपत्र फाराम खरिदको लागि बुढीगंगा गाउँपालिकाको नाममा रहेको NIC ASIA BANK Ltd पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको राजश्व आम्दानी खाता नं .०६९२०५९५०११७५००२ मा जम्मा गरी बोलपत्र खरिद गर्न सकिनेछ र धरौटीको लागि यस कार्यालयको NIC ASIA BANK Ltd पुष्पलाल चौक शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता नं ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरू PDF फरमेटमा स्क्यान गरी बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्थाबाट बैक ग्यारेन्टी ( बिड बण्ड ) पिडिएफ फरमेटमा स्क्यान गरी पेश गर्नु पर्नेछ।
३. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ। बिस्तृत जानकारीको लागि यस कार्यालयको Web site www.budhigangamun.gov.np. वा यस कार्यालयको स्वास्थ्य शाखामा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**कामको विवरण**

| सि नं | प्याकेज नं | खरिदको प्याकेज | इष्टिमेट अंक (मू.अ. कर बाहेक ) | खरिदको माध्यम | फाराम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १. | BGRM/MOR/NCB/ Goods-1 /082/083 | औषधि तथा औषधिजन्य सामानहरू | ३५,००,०००।०० | बोलपत्र | ३,०००। | ८७,५००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



## कालिञ्चोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुनखानी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थ बिक्रीको लागि पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/१६**

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरूमा बागमती प्रदेशको आर्थिक ऐन २०८२ को दफा ९ को उपदफा १ तथा अनुसूची ५ बमोजिम संकलन गरिने ढुंगा, रोडा ,ग्राभेल र बालुवाको शुल्कबाट आ.व. २०८२/०८३ मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित कानुन बमोजिम दर्ता भएका ईच्छुक फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पेश गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट वोलपत्र/दरभाउपत्र फाराम खरिद गरि प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र/दरभाउपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरूको अधीनमा रही बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागीहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर ) | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | बोलपत्र/दरभाउपत्र फाराम दस्तुर (रू.) | बोलपत्र/दरभाउपत्र जमानत रकम र अबधि |
|---|---|---|---|---|---|
| KRM/NCB/Goods/ Dolakha/ 02/2082/083 | गुमुखोला क्षेत्र (U/S 27º42′31.85″N, 86º08′51.43″E, D/S 27º42′22.49″N, 86º08′45.55″E,) | ९,२४० | २२,८२,२८० | 3,000 | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/Goods/ Dolakha/ 03/2082/083 | कोशीखेत क्षेत्र (U/S 27º41′34.45″N, 86º07′49.85″E, D/S 27º41′32.25″N, 86º07′38.57″E,) | १२,४२० | ३०,६७,७४० | 3,000 | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/Goods/ Dolakha/ 04/2082/083 | नागदह/मलेपु क्षेत्र (U/S 27º40′53.87″N, 86º06′32.46″E, D/S 27º40′58.64″N, 86º06′28.94″E,) | ७,९६५ | १९,६७,३५५ | 3,000 | कबोल अंकको ३ प्रतिशत, १२० दिन |

विस्तृत जानरकारीको लागि यस कार्यालयको website : kalinchowkmun.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नेपालको लगातार तेस्रो हार

**काठमाडौं/मस-** आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत जारी त्रिकोणात्मक सिरिजमा नेपालले लगातार तेस्रो हार व्यहोरेको छ । शनिबार दुबईस्थित आइसीसी एकेडेमीमा भएको खेलमा नेपाल ४ विकेटले अमेरिकासँग पराजित भएको हो ।

२ सय ७२ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४९ औं ओभरमै खेल सकिँदा ६ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो ।

अमेरिकाका साइतेजा मुक्कमल्लले ७५ र मिलिन्द कुमारले ७० रनको योगदान दिए । उनीहरूले चौथो विकेटका लागि १२३ रनको साझेदारी गर्दै टोलीको इनिङ्स उकासेका थिए । मुक्कमल्ल १०१ बलमा ७ चौका र १ छक्का प्रहार गर्दै करण केसीको बलमा आउट भए । त्यस्तै मिलिन्द ६६ बलमा ७ चौका र १ छक्का प्रहार गर्दै सन्दीप लामिछानेको बलमा क्याच आउट भए । सयान जहानजिरले ३६ रन जोड्दा सन्दीपकै बलमा बोल्ड भए ।



नेपालका लागि सन्दीप लामिछानेले १० ओभरमा ५३ रन दिँदै ३ विकेट लिए । नन्दन यादव, करण केसी र गुल्शन झाले समान १-१ विकेट झारे ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल एक बल बाँकी रहँदा २ सय ७१ रनमा अलआउट भएको थियो ।

नेपालका अलराउन्डर दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट प्रदर्शन गर्दै ६७ बलमा ७५ रन बनाए । उनले २ चौका र ३ छक्का प्रहार गरे । अन्त्यतिर करण केसीले ३१ बलमा आक्रामक ४९ रनको पारी खेले । कुशल भुर्तेलले ४७, भीम सार्कीले ४३ र कप्तान रोहित पौडेलले ३६ रन जोडे ।

अमेरिकाका बलर हर्मीत सिंहले ३ विकेट लिए भने सौरभ नेत्रभल्कर र नोस्टुस केन्जिगेले समान २-२ विकेट झारे । जसदिप सिंह र शुभम रन्जानेले १-१ विकेट लिए ।

यो जितसँगै अमेरिका लिग-२ को तालिकाको शीर्ष स्थानमा यथावत् छ । अमेरिकाले २३ खेलबाट ३४ अंक जोडेको छ भने नेपाल १९ खेलबाट १२ अंकका साथ सातौं स्थानमा यथावत् छ ।

नेपालले यसअघि सिरिजको पहिलो खेलमा अमेरिकासँग १०६ रनले र दोस्रो खेलमा युएईसँग ५ विकेटले हार व्यहोरेको थियो । नेपालले अब आफ्नो चौथो खेल बुधबार युएईविरुद्ध खेल्नेछ ।

# एरिका सम्मानित

**काठमाडौं/मस-** नेपाली राष्ट्रिय कराते खेलाडी एरिका गुरुङ शनिबार सम्मानित भएकी छन् । क्यानाडामा बासोबास गर्दै आएका मनमैजु डोजोका प्रमुख प्रशिक्षक निरज महर्जनले एरिकालाई सम्मान गरेका हुन् ।

मलेसियामा भएको डब्लुकेएफ कराते सिरिज वानमा स्वर्ण पदक जितेकोमा हौसला स्वरुप एरिकालाई नगद ५० हजारसहित प्रशंसा पत्रबाट सम्मान गरिएको हो । एरिका डब्लुकेएफ सिरिज वानमा पदक जित्ने पहिलो नेपाली खेलाडी समेत हुन् ।

# चार्ल्सवर्थ काठमाडौं गोर्खाजमा




**काठमाडौं/मस-** नेपाल प्रिमियर लिग (एनपिएल)को आगामी सिजनका लागि काठमाडौं गोर्खाजले चौथो विदेशी खेलाडीको रूपमा इंग्लिस अलराउन्डर बेन चार्ल्सवर्थलाई अनुबन्ध गरेको छ । बायाँ हाते ब्याटिङ र दायाँ हाते बलिङ गर्ने २४ वर्षीय यी युवा प्रतिभा इंग्लिस काउन्टी क्लब ग्लुसेस्टरसायरका नियमित सदस्य हुन् ।

काठमाडौं स्पोर्ट्स डेभलपमेन्ट भेन्चर्स प्रालिको स्वामित्वमा रहेको गोर्खाजले यसअघि नै दक्षिण अफ्रिकाका विकेटकिपर-ब्याटर रिकार्डो भास्कोनेसेलोस, नामिबियाका कप्तान जेरहार्ड इरास्मस र अमेरिकी ब्याटर मिलिन्द कुमारलाई टोलीमा भित्र्याइसकेको छ । चार्ल्सवर्थको आगमनसँगै टोलीको विदेशी कोटा पूरा भएको छ । १७ वर्षको उमेरमै ग्लुसेस्टरसायरबाट प्रथम श्रेणी क्रिकेटमा डेब्यु गरेका चार्ल्सवर्थले अहिलेसम्म ५७ खेलमा ३१ भन्दा माथिको औसतमा दुई हजार सात सय ५४ रन जोडेका छन् । यसमा चार शतक र १५ अर्धशतक समावेश छन् । बलिङतर्फ पनि उत्तिकै प्रभावशाली उनी ३० विकेट आफ्नो नाममा दर्ता गराइसकेका छन् । लिस्ट 'ए' क्रिकेटमा २८ खेल खेलेका उनले एक हजार रनको आँकडा छुन लागेका छन् । टी-२० फर्म्याटमा भने ४४ खेलमा तीन अर्धशतकसहित सात सय ७६ रन बनाएका छन् । उल्लेखनीय कुरा, एक सय ४५ भन्दा माथिको स्ट्राइक रेटमा यो रन जोडेका छन् र सबै खेल भाइटालिटी ब्लास्टका हुन् । इंग्ल्यान्डको यु-१९ टोलीबाट प्रतिनिधित्व गरिसकेका चार्ल्सवर्थ गत सिजन युएईको आईएल टी-२० मा एमआई इमिरेट्सको टोलीमा थिए । राष्ट्रिय टोलीका तीव्र गतिका बलर करण केसी मार्की खेलाडी रहेको गोर्खाज गत सिजन प्लेअफसम्म पुग्न असफल भएको थियो ।

# सुदूरपश्चिम रोयल्सको प्रशिक्षण सुरु



**काठमाडौं/मस-** सुदूरपश्चिम रोयल्सले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपिएल)का लागि शनिबारबाट प्रशिक्षण सुरु गरेको छ । मुख्य प्रशिक्षक जगत टमटाको नेतृत्वमा टोलीले काठमाडौं क्रिकेट एकेडेमी (केसीए) मा प्रशिक्षण थालेको हो । प्रशिक्षणको पहिलो दिन पाँच खेलाडी सहभागी भएका थिए । पहिलो सिजनमा उपाधि नजिक पुगेको सुदूरपश्चिम यसपटक भने उपाधि जित्ने लक्ष्यमा छ ।

मुख्य प्रशिक्षक जगत टमटाले दोस्रो सिजनका लागि टिम कम्बिनेसन राम्रो भएको र उपाधि जित्न आफूहरू विश्वस्त रहेको बताए । 'यो सिजन उपाधि जित्ने कुरामा हामी विश्वस्त छौं । टिम झनै बलियो छ,' टमटाले भने ।

दोस्रो संस्करणको एनपीएल आगामी मंसिर १ गते देखि २७ गतेसम्म हुनेछ । सुदूरपश्चिम रोयल्सको टिममा दिपेन्द्र सिंह ऐरी, आरिफ शेख, बिनोद भण्डारी, विनाश बोहरा, दिपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, इशान पाण्डे, टेक रावत, नरेन साउद, दिपेन्द्र थापा, स्कट कुग्गेलिजन र क्रिस लिन रहेका छन् ।

**माईग्रेशन हरायो**

मिति २०८२/०६/०२ गते लाजिम्पाट देखि बासबारी क्षेत्रमा मेरो निम्न ब्यहोरा भएको माइग्रेशन हराएको हुदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सर्म्पक गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः रुचि सिंखडा नेपाली
रजिष्ट्रेशन नं.: ७६२६३११५२
सि.नं.: २२६०४८१३
ठेगानाः पानीपोखरी, महाराजगञ्ज
सर्म्पक नं.: ९८१८९९००५५

**कुवेतमा रोजगार**
कम्पनीः SAY SUCO COFFEE AND RESTAURANT COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०७/१३ — चलानी नं.: ६०२४६६३० — L.T. No.: 332889

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Crew | 3 | 3 | सम्बन्धित काममा दक्ष | 130 | ६०,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nepali Light Driver | 2 | 0 | | 145 | ६६,९९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २३ गते (9 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५

**साउदीमा रोजगार**
कम्पनीः AL-JAZEERA TENTS ESTABLISHMENT — शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०७/१३ — चलानी नं.: ६०२४६६७७ — LT. No.:332918

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः CLEAN LIFE COMPANY LIMITED — शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०७/१३ — चलानी नं.: ६०२४६६७८ — LT. No.:332739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 10 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः DIAMOND FACTORY AND THE SUMMIT OF CREATIVITY FOR MARBLE AND STONE — शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४६६७९ — LT. No.:331906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २२ गते (8 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**United World Manpower Pvt. Ltd.**
श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

मिति २०८२ कार्तिक १५ गते प्रकाशित हुनुपर्ने सूचना भुल बस छुटेको हुँदा मिति २०८२ कार्तिक १६ गते प्रकाशन भएको जानकारी गराउँछौं ।

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!**
**शून्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

**रोजगारदाता कम्पनी : कम्पास क्याटेरिङ सर्भिसेस डब्लुएलएल, कतार** — पुन विज्ञापन
**Employer Company : Compass Catering Services WLL, Qatar**

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८२/०३/१७ | चलानी नं.: | ६०२४०४७० | एल टी नं.: | ३२६५२१ |
| Pre Approval Date: | 2025/07/01 | Invoice No.: | 60240470 | L.T. No.: | 326521 |

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 19 | 20 | 1000 | ३८,६६० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 8 | 0 | 1500 | ५७,९९० | | | | | | | |

Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।
The final interview will be conducted in the office on 24 & 25 November 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ८ र ९ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने Who will bear the Insurance at Origin Country | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

साथै यसै कम्पनी बाट Handler, Kitchen Steward–Male, Kitchen Steward–Female, Commi II, Female Cleaner, Male Cleaner, Waiter & Waitress को समेत माग भइ आएकोले परामर्शको लागि सम्पर्क गर्नुहुन अनुरोध छ ।

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 9863194835
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

Government of Bagamati Province
**Ministry of Health**
**Health Logistics Management Center**
Hetauda, Nepal

**Invitation for Bids**

**Date of publication: 2082/07/16 BS (2025/11/02 AD)**

The Health logistics Management Center, Hetauda invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Identification IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF ELECTRIC VEHICLE(RE-BID) HLMC/G/NCB-03/2082-83 | As per BOQ | 4,35,000.00 | 3,000.00 | 2082/12/03 BS (2026/03/17 AD) |
| 2 | PROCUREMENT OF MEDICAL RELATED ITEMS HLMC/G/NCB-11/2082-83 | As per BOQ | 1,86,000.00 | 3,000.00 | 2082/12/18 BS (2026/04/01 AD) |

Director

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय, भोजपुर**
भोजपुर, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८२/०७/१६

यस कार्यालयबाट मिति २०८२/०३/३२ गते प्रभावराष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (Single Stage Two Envelope) आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र PPMO को e–Procurement Portal मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राबिधिक प्रस्तावको मूल्यांकन गर्दा तपिसल बमोजिमका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र प्राविधिक प्रस्तावमा योग्य देखिएकोले सार्वजनिक खरिद नियमावली२०६४(संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम मिति २०८२/०७/२३ गते दिनको ११:०० बजेयस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता |
|---|---|---|
| IDO/BHO/W/ NCB-49/081/82. | Construction of Bhojpur-Manebhanjyang-Baikunthe-Basikhora- Balankha-Ranitar Road (RamprasadraiGa.Pa. Chhapgaun-Basikhora-Aamchowk-Yun-Balankha Section - Third Package) | 1. Aman International Trade Link Pvt. Ltd.-Shiva NirmanSewa JV, Talchhikhel, Lalitpur 2. Jagadamba Builders Pvt.Ltd.-Tuwachung Construction & Company Pvt. Ltd JV, Kathmandu 3. R-One Construction-Morang constructionJV, Itahari, sunsari 4. Ujjwal NirmanSewa-Uday NirmanSewa-Tara NirmanSewaJV, Bhojpur 5. United Builders & Engineers Pvt. Ltd, Tripureshwor |

कार्यालय प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल काठमाडौं

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१६ गते

चालू आ. व. २०८२/०८३ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामग्री विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NTrC/G/NCB/ 08-082/83 | The Procurement of Supply and Delivery of Lab Chemical, Kits & Reagent | ३,०००/- | २,००,०००/- | Single Stage: Two Envelope |

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-५३२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



# युवा उद्यमीलाई प्रोत्साहन गर्ने नीति बनाउँदा मात्र देश बन्छ

स्टार्टअप व्यवसायमा युवा व्यवसायीको रुचि बढीरहेको देखिन्छ । स्वदेशमै केही नयाँ उद्यम गर्ने युवा पुस्ताको चाहना बढेपनि नेपालको राजनीतिक परिस्थितिले भने उनीहरूलाई निराश बनाइरहेको छ । देशमा विभिन्न कारणले लगानीको वातावरण बन्न नसक्दा युवा जनशक्ति पलायन भइहरहेको धेरैले विश्लेषण गरेका छन् । व्यावसायिक घरानामा रहेका नयाँ पुस्तामा समेत राजनीतिक अस्थिरताले नकारात्मक प्रभाव पारेको देखिन्छ । यसै सर्न्दभमा नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको नेपाल युवा उद्यमी मञ्चका अध्यक्ष **सुदीप घिमिरे**सँग मध्यान्हका **छबि सापकोटा**ले अर्थतन्त्र र देशको पछिल्लो परिस्थितिलाई युवा उद्यमीले कसरी लिएका छन् भन्ने विषयमा कुराकानी गरेका छन् ।

■ **सुदीप घिमिरे**, अध्यक्ष, नेपाल युवा उद्यमी मञ्च

**जेनजी आन्दोलनको क्रममा निजी क्षेत्रमाथि भएको प्रहारलाई युवा व्यवसायीले कसरी लिएका छन् ?**

युवा व्यवसायी मात्र होइन अहिले सम्पूर्ण निजी क्षेत्र अन्योलको स्थितिबाट गुज्रिरहेको अवस्था छ । जेनजी आन्दोलनपछि युवा उद्यमीलाई डर उत्पन्न भएको छ । नेपालमै लगानी गरेर रोजगार र अर्थन्त्रमा योगदान दिएका लगानीकर्ताले सुरक्षाको प्रत्याभूति पाएका छैनन् । स्वदेशमै सानो ठूलो व्यवसायमा केन्द्रित रहेका युवा पुस्तामा थप अन्योलको वातावरण बनेको छ ।

युवा व्यवसायीमा अब देशले कस्तो राजनीतिक कोर्स लिन्छ ? लगानी गर्ने कि नगर्ने ? व्यवसायीलाई कसरी बचाउने भन्ने चिन्ता थपिँदै गएको छ । नयाँ अन्तरिम सरकारले नीतिगत तहमा व्यवसायमैत्री निर्णय गर्ने सम्भावना कम छ । जसले गर्दा व्यवसाय गर्ने जो केहीमा पनि अहिले एकदमै अन्योल र त्रासको स्थिति देखिएको छ ।

**हतोत्साहित र त्रासमा रहेको युवा उद्यमीका लागि सरकारले गर्नुपर्ने के हो ?**

आन्दोलनमा उद्योग तथा व्यवसाय गर्नेलाई निशाना बनाइयो । अझै पनि आन्दोलन के हुने हो ? फेरि कसले के गर्ने हो भन्ने प्रकारको चिन्ता देखिएको छ । आन्दोलनबाट बनेको सरकारको समेत स्थायित्व देखिँदैन । अहिले देशमा लगानीको वातावरण छैन भन्ने नै छ । आन्दोलन अघि समेत लगानीकर्ताको मनोवल कमजोर नै थियो । बैंकले सस्तोमा ऋण दिँदा समेत लिने लगानीकर्ता थिएनन् । अहिले झनै अस्थिरता देखिएको अवस्थामा कसैले थप लगानी गर्छ भन्ने छैन । त्यसैले अब उद्यमशीलताको विकास गर्ने हो भने व्यवस्थित नीतिगत निर्णय गरेर आत्मविश्वासको वातावरण बनाउन आवश्यक छ ।

उद्योगीले गरेको योगदानको मापन छैन । व्यवसायी, उद्यमी बदमास हुन् भन्ने भाष्य खडा गराईको छ । व्यापार व्यवसाय, उद्यम गर्नेलाई सम्मान गर्ने जबसम्म वातावरण बन्दैन लगानीकर्तामा आकर्षण आउँदैन । उद्यमीले प्यान/भ्याट नम्बर लिएर कर तिर्छ । तर, यहाँ नाफा गर्नु, व्यवसाय गर्नुलाई कुनै अपराध जस्तो वातावरण सिर्जना गरिएको छ । त्यसैले यस्ता प्रवृत्तिको अन्त्य हुन आवश्यक छ । जेनजी आन्दोलनमा पनि व्यवसायिक प्रतिष्ठानहरूमाथि भएको आक्रमण हेर्दा व्यवसाय गर्नु चाहिँ ठूलो अपराध हो जस्तो देखाइएको छ । अब युवा उद्यमीलाई प्रोत्साहन गर्ने नीति बनेन भने देश धेरै पछि पर्छ ।

**भनेपछि युवा उद्यमीहरूको मनोविज्ञान पछिल्लो समय थप कमजोर बनेको छ ?**

ठ्याक्कै अहिलेको अवस्था हेर्दा कुनै पनि व्यवसाय गर्नको लागि सकारात्मक वातावरण छैन । देशमा ठूलो लगानी गरेर सञ्चालनमा रहेका २६ वटा उद्योगमा विद्युत्को लाइन काटेपछि बन्द छन् । आन्दोलनमा समेत निजी क्षेत्र टार्गेट गर्दा ठूलो लगानीमाथि आगजनी, तोडफोड, लुटपाट भयो । लगानीकर्ताले कसरी आफ्नो लगानीलाई सुरक्षित गर्ने मात्र सोच्नुपर्ने अवस्था छ ।

यस अघि व्यवसाय गर्ने पुस्ताले द्वन्द्वकाल र विभिन्न आन्दोलनमै संघर्ष गरे । कति पलायन भए, कति अब राम्रो होला कि भनेर मात्र टिक्ने काम गरे । नेपालको उद्यम व्यवसाय अहिले संक्रमणबाट गुज्रिँएदै आएको छ । अहिले नयाँ पुस्ता केहि राम्रो होला कि भनेर व्यवसायमा होमिएका छन् । तर, अहिलेको परिस्थिति हेर्दा अस्थिरताले अझै व्यवसायिक वातावरण बिग्रिने हो की भन्ने चिन्ता थपिएको छ । २०६२/६३ को जनआन्दोलनपछिको ट्रान्जिसनको पिरियड पाँच/सात वर्ष राजनीतिक अस्थिरता व्यावसायिक वातावरण खराब भएको अवस्था थियो । अहिले ठ्याक्कै त्यही अवस्था देखिएको छ । त्यस कारणले गर्दा अब नयाँ पुस्तामा .अब व्यवसाय गर्न सकिन्न कि भन्ने निराशा हाबी भएको देखिन्छ । अन्य देशहरूमा नयाँ व्यवसाय गर्नेलाई कसरी अगाडि बढाउने, कसरी लगानीकर्ता आकर्षित गर्ने भन्ने सोचमा लागिरहेको अवस्थामा नेपालमा भने कसरी व्यवसायी बाँच्ने ?, कसरी टिक्ने ? भन्ने चिन्ता मात्र छ ।

**यो परिस्थितिले देशको अर्थतन्त्रलाई कस्तो असर गर्छ ?**

नेपाल अथाह सम्भावना भएको मुलुक हो । देशमा अवसर धेरै छन् । त्यसलाई हामीले क्यापिटलाइज गर्न सकिरहेका छैनौं । राजनीतिक, सामाजिक, आर्थिक लगायत विभिन्न कारणले गर्दा हामीले नेपालको भर्जिन ल्याण्डलाई क्यापिटलाइज गर्न सकिरहेका छैनौं । देशमा विकासको प्रचुर सम्भावना भएकले अर्थतन्त्र माथि लैजान धेरै समय लाग्दैन । व्यावसायिक क्षेत्रको लागि गर्न सक्ने धेरै नै ठाउँ छ । तर, अहिले जुन जटिल परिस्थिति सिर्जना भएको छ, त्यसले चाहिँ अलिकति वातावरण बिग्रिएको छ, अर्थतन्त्रलाई अवश्य असर पुर्‍याएको छ । साथै, समयमा नै राज्यले सुधारको पहल नगर्ने हो भने थप बिग्रन सक्छ ।

**अब व्यवसाय तथा उद्यमीमैत्री वातावरण बनाउन के गर्नुपर्छ ?**

मुलकमा लगानीको वातावरण बनाउनको लागि पहिला देशले राजनीतिक निकास पाउनुपर्छ । यो वा त्यो बाहानामा देशलाई प्रयोग गर्नु हुँदैन । नेपाल लगानी गर्न सुरक्षित छ भनेर हरेक व्यक्तिलाई ढुक्कले काम गर्ने वातावरण बन्नुपर्छ । नेपालमा लगानी गरे राम्रो प्रतिफल प्राप्त गर्ने अवस्था बन्ने हो भने विदेशमा गएका नेपाली समेत फर्केर लगानी गर्न सक्छन् ।

अरु देशले लगानी गर्नेलाई फूलमाला लगाएर स्वागत गरिहेका छन् तर, हाम्रोमा भएका लगानीकर्तालाई कसरी हतोत्साहित बनाउने सोचको विकास भइरहेको छ । अहिले मुलुक संक्रमणकालीन समयमा छ । जबसम्म देशको राजनीतिक निकास ठिक ढंगले हुँदैन, लगानी हुने वातावरण बन्दैन । अब सबै जनाले व्यक्तिगत फाइदा भन्दा मुलुकलाई कसरी स्थायी निकास दिने भनेर लाग्नुको विकल्प छैन ।

## अनुदान हस्तान्तरण नहुँदा बजेट कार्यान्वयन प्रभावित

**काठमाडौं/मस–** संघ सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक बजेटमार्फत् छुट्याउने विभिन्न शीर्षकको अनुदान रकम आर्थिक वर्षको बीचमा कटौती हुँदा समग्र बजेट कार्यान्वयन भएको देखिएको छ ।

गत असोज ३० गते राष्ट्रपतिसमक्ष पेस भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौं वार्षिक प्रतिवेदनअनुसार आयोगको सिफारिस बमोजिम अनुदान नछुट्याइएको मात्र नभइ तल्लो तहमा पठाउने भनेर तोकिएको रकमसमेत आंशिक रुपमा हस्तान्तरण हुने गरेको देखिएको हो । यस्तो प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या देखिएको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।




'आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई ६० अर्ब र स्थानीय सरकारलाई ८८ अर्ब हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१ दशमलव ७६ प्रतिशत र स्थानीय सरकारलाई ९१ दशमलव ७४ प्रतिशत हस्तान्तरण भएको देखिन्छ', प्रतिवेदनमा भनिएको छ, 'सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ ।'

संघ सरकारबाट मात्र नभइ केही प्रदेशहरुलेसमेत स्थानीय तहलाई छुट्याएको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगरेको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ९९ दशमलव ७५ र कर्णालीले ९८ दशमलव ९१ प्रतिशत मात्र हस्तान्तरण गरेको देखिन्छ ।

वित्तीय समानीकरण अनुदानतर्फ गतवर्ष यी दुई प्रदेशले समान ९५ करोड विनियोजन गरेका थिए । यी दुई प्रदेशले विनियोजन बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगर्नुको वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको आयोगको प्रतिवेदनमा जनाइएको छ ।

त्यस्तै, सशर्त अनुदानतर्फ भने संघ सरकार र प्रदेशले आयोगलाई तथ्यांक नै उपलब्ध नगराएको पनि प्रतिवेदनमा उल्लेख छ । 'आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्यांक उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन', वार्षिक प्रतिवेदनमा भनिएको छ ।

केही स्थानीय तहहरुले नगर विकास कोषबाट ऋण लिँदा कानुनको परिपालना नगरेको पनि आयोगले औंल्याएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा १६ वटा पालिकाले नगर विकास कोषबाट ३७ करोड १९ लाख ३६ हजार बराबर ऋण लिएका थिए ।

जसमध्ये केही स्थानीय सरकारले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नै नगरीकन ऋण उठाएको तथा केही पालिकाले आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण उठाएको देखिएको आयोगले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

## गैरआवासीय नेपाली लगानीकर्तालाई समृद्धिमा समेट्नुपर्नेमा जोड

**काठमाडौं/मस–** नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेडले लगानीका दायरा विस्तार गर्न सरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा गैरसरकारी कोषसँग सार्वजनिक-निजी साझेदारीमार्फत सहकार्य गर्दै ठूला र रोजगारमुलक आयोजनामा लगानी गर्ने निर्णय गरेको छ ।




कम्पनीको शनिबार सम्पन्न पहिलो वार्षिक साधारणसभाले सम्भाव्यता देखिएका जलविद्युत्, पर्यटन, सूचना प्रविधि जस्ता ठूला सहरी परियोजनाका अतिरिक्त कृषि, घरेलु, साना तथा मझौला उद्योगमा लगानी विस्तार गरी ग्रामीण क्षेत्रमा रोजगारी सृजना गर्ने, एनडिपी भेञ्चर तथा एनडिपी डेभलपर नामका छुट्टै संरचना खडा गरी पिइभीसी तथा सहरी पूर्वाधार तथा आवास क्षेत्रमा लगानी गर्ने निर्णय गरेको छ ।

साधारणसभामा कम्पनीको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै कम्पनीका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले कम्पनीले आफ्नो लगानीलाई व्यवस्थित र सुरक्षित बनाउन विभिन्न प्रणालीहरुको विकास गरी लगानी विविधीकरण र जोखिम व्यवस्थापनका विभिन्न प्रयासहरू गरेको बताए । उनले अहिलेको विशिष्ट परिस्थितिमा व्यवसायीहरुको मनोबल खस्किएको र थप लगानीका लागि तयार हुन समय लाग्न सक्ने भएकोले राज्यले व्यवसायी र व्यवसायको सुरक्षाको प्रत्याभूति गरी लगानीको वातावरण बनाउन जरुरी भएको उल्लेख गरे ।

अध्यक्ष ढकालले शिथिल अर्थतन्त्रलाई लयमा ल्याउन, उत्पादन तथा रोजगारी बढाउन र समग्र उद्यमी व्यवसायीहरूको मनोबल बढाउँदै मुलुकलाई आर्थिक विकास र सम्मृद्धिका यात्रामा अघि बढाउन यस लगानी कम्पनीले विशेष भूमिका खेल्न सक्ने भनाइ राखे । अध्यक्ष ढकालले यस लगानी कम्पनीमा स्वदेश तथा विदेशमा रहेका नेपालीहरूबाट व्यापक चासो व्यक्त भएको बताए ।

'म हालै आईएमएफको एउटा कार्यक्रममा भाग लिन संयुक्त राज्य अमेरिका पुगेको थिए, त्यहाँ मसँगको भेटमा त्यहाँ रहेका नेपालीहरुको नेपालको अहिलेको अवस्था, लगानी सम्भावना र यस लगानी कम्पनीको बारेमा धेरै चासो राख्नुभएको थियो, यस अघि पनि विभिन्न देशमा पुग्दा धेरै नेपालीहरूले यस कम्पनीका बारेमा चासो राख्नुभएको छ, हामीले लगानीका लागि राम्रा परियोजनाहरू पहिल्याउँदै जानुपर्छ, धेरै स्वदेसी लगानीकर्ता तथा गैर आवासीय नेपालीहरूले यसमा लगानी गर्न तयार हुनुहुन्छ', उनले भने ।

साथै, उनले यस कम्पनीले स्वदेस तथा विदेशमा रहेका व्यवसायी तथा लगानीकर्ताहरूलाई नेपालमा उद्योग/व्यवसाय स्थापना, सञ्चालन तथा विस्तार गर्नका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने, रुग्ण तथा समस्याग्रस्त उद्योग व्यवसायहरूको पुनर्उत्थान र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने परियोजनाहरूलाई आवश्यक परामर्श सेवा उपलब्ध गराइने बताए ।

अध्यक्ष ढकालले कम्पनीमार्फत लगानी गरी मुलुकको आर्थिक सम्मृद्धि र विकासमा साझेदारी गर्न सबै उद्योगी, व्यवसायी तथा गैर आवासीय नेपालीहरूलाई आग्रह समेत गरे । एक वर्ष अघि स्थापना गरिएको यस कम्पनीको कूल पुँजी १० अर्ब रहेको छ । हाल यस कम्पनीमा ४६ जिल्लाका २४६ जना शेयरधनी रहेका छन् । यो कम्पनी छरिएर रहेको पुँजी एकत्रित गरी उत्पादन वृद्धि तथा रोजगारी सृजना गर्न मुलुकका ७७ वटै जिल्लामा रहेका सानादेखि ठूला उद्यमी/व्यवसायी तथा गैर आवासीय नेपालीहरूको समेत लगानीमा स्थापना गरिएको हो ।

बागलुङको ढोरपाटनमा सम्पन्न नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिको बैठकले देशभर छरिएर रहेका उद्यमी व्यवसायीहरूलाई समेटी राष्ट्रियस्तरको लगानी कम्पनी स्थापना गर्ने र यसको माध्यमबाट देशमा एक सबल, सक्षम र सहभागितामुलक इक्यूटी बजारको विस्तार गर्ने प्रस्ताव अघि सारेको थियो । जसअनुसार, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल च्याम्बर अफ कमर्स, गैर आवारीय नेपाली संघ र यिनमा आवद्ध सदस्यहरूलाई संलग्न गरी यो कम्पनी स्थापना गरिएको हो ।

## घनाबस्तीमा निगमको डिपो, स्थानीयद्वारा तत्काल स्थानान्तरणको माग



**धनगढी/मस–** घनाबस्तीको बीचमा रहेको नेपाल आयल निगमको सुदूरपश्चिम प्रादेशिक डिपो तत्काल स्थानान्तरणको माग गर्दै स्थानीयले दबाबमूलक कार्यत्रम आयोजनाको तयारी गरेका छन् । धनगढी उपमहानगरपालिका-३ चटकपुर स्थित डिपो स्थानान्तरणका लागि दुई वर्षदेखि काम भइरहेको भनिए पनि हालसम्म कुनै परिणाम नदेखिएपछि स्थानीयले आन्दोलनको तयारी थालेका हुन् ।

टोल विकास संस्थाको अगुवाइमा डिपो स्थानान्तरणको प्रक्रिया तत्काल अघि बढाउन उनीहरूले अर्को सातादेखि चरणबद्ध रूपमा दबाब दिने तयारी गरेका छन् । केही दिनअघि उनीहरुले वडाध्यक्षको पहलमा स्थानीयको सरोकार सम्बोधन गर्न डिपो प्रमुखको ध्यानाकर्षणसमेत गराएका थिए ।

डिपोसँगै जोडिएको शुभकामना टोल विकास संस्थाका अध्यक्ष दीर्घराज ओझा घनाबस्तीबीचमा रहेको डिपोका कारण सुरक्षा संवेदनशीलता बढेको उल्लेख गर्दै तत्काल डिपो सार्न निगम व्यवस्थापन गम्भीर हुनुपर्ने बताए । शुभकामना टोलमा ८७ वटा घरधुरी छन् । ती घरमा चार सय भन्दा बढी ३५० भन्दाबढी मानिसको बसोबास रहेको छ । 'दुई वर्षअघि देखि डिपो स्थानान्तरणको प्रक्रिया अघि बढेको भनिएको छ, तर अहिलेसम्म परिणाम आएको छैन', अध्यक्ष ओझाले भने, 'तत्काल डिपो स्थानान्तरण गरेर स्थानीयलाई ढुक्कसँग बसोबास र पेसा व्यवसाय गर्न सक्ने अवस्था बनाउन आन्दोलनका कार्यक्रम अघि बढाउँदै छौं ।'

चटकपुर निवासी धर्मसिंह-माधवी ऐर दम्पत्तिलाई अहिले रातमा राम्रो निद्रा पर्दैन । घरै अगाडि रहेको निगमको डिपोमा जुनसुकै बेला भवितव्य हुनसक्ने र त्यसबाट ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपर्ने चिन्तामै बाँचिरहनुपरेको उनीहरूले बताए । डिपोका कारण सधैं त्रसित अवस्थामा रहनुपरेको गुनासो गर्दै स्थानीय धर्मसिंह डिपो स्थानान्तरणका लागि पटकपटक सरोकारवालालाई आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको बताउँछन् । पेट्रोलियम पदार्थ भण्डारण गरिएका ठूल्ठूला ट्यांक नजिकै भएको र डिपोबाट इन्धन लोडअनलोड भइरहँदा घरमा आगो बाल्न पनि डराउनुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ ।

## मुक्तिनाथको १८.२० प्रतिशत लाभांश प्रस्ताव पारित



**काठमाडौं/मस–** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्नो उन्नाईसौं वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ । आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्दै सेयरधनीहरूलाई १८.२० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्दै साधारण सभा सम्पन्न भएको हो ।

जसमा १३.५३ प्रतिशत बोनस सेयर र ४.६७ प्रतिशत नगद लाभांश (बोनस सेयरमा लाग्ने करसहित) रहने जनाइएको छ । सञ्चालक समितिका अध्यक्ष खिमप्रकाश मल्लको अध्यक्षतामा सम्पन्न सभाले बैंकको चुक्ता पुँजी ९ अर्ब ३ लाख ८८ हजार ७ सय ६७ रुपैयाँ ११ पैसा पुर्‍याउने निर्णय गरेको छ । सभामा सञ्चालक समितिका सदस्य भरतप्रसाद लम्सालले स्वागत मन्तव्य राखेका थिए भने प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकको वर्तमान अवस्था र भावी रणनीतिको बारेमा विस्तृत जानकारी दिए । सभामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमाथि विभिन्न सेयरधनीहरूबाट सुझाव र जिज्ञासा प्रस्तुत गरिएका थिए, जसमा अध्यक्ष मल्ल र प्रमुख कार्यकारी अधिकृत पोखरेलले जवाफ प्रदान गरेका थिए । सभाले आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति लगायतका अन्य प्रस्तावहरू पनि पारित गरेको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**